लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा वर्गीकृत

Naya Bimarsha Weekly

वर्ष २०, अंक ०५, २०८३ भाद्र ५ गते शुक्रबार (August 21, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रु.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## दौडाहा भ्रमणमा निस्किएका मन्त्री चर्चामा



काठमाडौं/ गत श्रावण २९ गते दौडाहामा निस्किएका पूर्वाधार विकासमन्त्री सुनिल लम्सालको जिल्ला भ्रमण विवादमा परेको छ। सुदुरपश्चिमका जिल्लाका समस्याको स्थलगत अध्ययन गर्न, समस्याको समाधान गर्न मन्त्री लम्सालले धनगढीबाट यात्रा शुरु गरेका थिए। जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकाय सडक, खानेपानी, डोलीडार र शहरी विकास सम्बन्धी समस्याका लागि मन्त्री लम्सालले दार्चुला,बैतडी र डडेलधुरामा आफैंले गाडी चलाएर स्थलगत अध्ययन गर्दै जनताका समस्या बुझेका थिए।

मन्त्री लम्सालको भ्रमण टोलीमा पूर्वाधार विकास सचिव गोपाल सिग्देल, सडक विभागका महानिर्देशकबाट विजय जैशी, खानेपानी बाँकी ७ पृष्ठमा

# दलहरूमा आन्तरिक समस्या

## एमालेमा भूसको आगो

## कांग्रेसमा विवाद

भक्तपुर/ नेपाली राजनीतिका दुई प्रमुख शक्ति नेकपा (एमाले) र नेपाली कांग्रेस अहिले विपक्षी दलसँगको प्रतिस्पर्धाभन्दा बढी आफ्नै घरभित्रको राजनीतिक व्यवस्थापनमा अल्झिएका छन्। दुवै दलका विवादको स्वरूप फरक भए पनि केन्द्रमा भने एउटै प्रश्न देखिन्छ कि पार्टीको नेतृत्व र निर्णय प्रक्रियामाथि अन्तिम अधिकार कसको रहने ?

एमालेमा निर्वाचनपछि उठेको पुनर्गठनको बहस विस्तारै अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको नेतृत्वको निरन्तरतासँग जोडिएको छ। कांग्रेसमा विशेष महाधिवेशनपछि गगनकुमार थापा नेतृत्वमा आएको कार्यसमितिलाई लिएर उत्पन्न विवाद अहिले पूर्वसभापति शेरबहादुर देउवाको पुनरागमन, संस्थापनइतर समूहको राष्ट्रिय सम्मेलन र १५औँ महाधिवेशनको तयारीसँग गाँसिएको छ।

बाहिरबाट हेर्दा दुवै पार्टी नियमित राजनीतिक गतिविधिमै सक्रिय देखिन्छन्। भित्रको परिस्थिति त्यति सहज छैन। एमालेमा नेतृत्व परिवर्तनको माग खुलेर बहसमा आउन थालेको छ भने कांग्रेसमा दुई धारले आफूलाई भविष्यको वैधानिक राजनीतिक बाटोको केन्द्रमा राखेर तयारी गरिरहेका छन्।

*ओलीका लागि चुनौती*

एमालेको पछिल्लो विवादलाई केवल 'ओली हटाउने अभियान' भनेर बुझ्दा त्यसको गहिराइ समात्न कठिन हुन्छ। मूल



प्रश्न पार्टीले निर्वाचनको पराजयबाट के सिक्ने भन्ने हो। त्यसको उत्तर खोज्दै जाँदा स्वाभाविक रूपमा नेतृत्व, निर्णय प्रक्रिया र संगठन सञ्चालनको शैलीमाथि प्रश्न उठेको हो।

निर्वाचन समीक्षा तथा पुनर्गठनका लागि बनाइएको कार्यदलले विभिन्न तहबाट सुझाव संकलन गरेपछि नेतृत्वको विषयलाई लिएर पार्टीभित्र मतभेद अझ स्पष्ट भएको देखिन्छ। पुनर्गठनको माग गर्ने पक्षले निर्वाचनको परिणामलाई नेतृत्वको कार्यशैलीसँग जोडेको छ। ओली पक्ष भने पराजयको जिम्मेवारीलाई एउटै व्यक्तिको टाउकोमा राखेर नेतृत्व परिवर्तन खोज्नु उचित नहुने तर्कमा छ। ओलीले आफूले नेतृत्व छाड्ने पक्षमा नरहेको संकेत दिँदै आएका छन्। यहीँबाट एमालेको आन्तरिक शक्ति समीकरण महत्वपूर्ण बनेको छ।

पार्टीको सचिवालयमा देखिएको मतभेदलाई अन्तिम निर्णय मान्ने कि केन्द्रीय समितिको अंकगणितलाई निर्णायक बनाउने भन्ने विषय अहिलेको मुख्य राजनीतिक खेल बनेको छ। ओलीले केन्द्रीय समितिमा आफ्नो पक्षमा पर्याप्त समर्थन रहेको आँकलन गर्दै त्यहीँबाट पुनर्गठनसम्बन्धी विषय टुंग्याउने प्रयास गरिरहेको दाबी सार्वजनिक भएको छ। कतिपय विवरणमा उनले केन्द्रीय सदस्यहरूको समर्थनसम्बन्धी आफ्नै हिसाबकिताबसमेत गरिरहेको उल्लेख छ।

यसको अर्थ एमालेभित्रको संघर्ष अब भाषण र आरोप-प्रत्यारोपको तहमा मात्र छैन। कसले कति प्रतिनिधि र नेता आफ्नो पक्षमा उभ्याउन सक्छ भन्ने शक्ति परीक्षणको चरणमा पुगेको छ। ओलीलाई हटाउन चाहनेहरूका लागि पनि बाटो त्यति सजिलो छैन। नेतृत्व परिवर्तनको माग गर्नु र त्यसलाई पार्टीको औपचारिक संरचनाबाट कार्यान्वयन गराउनु फरक विषय हो। अध्यक्षविरुद्ध असन्तुष्ट रहेका नेताहरूबीच समेत भावी नेतृत्वबारे एउटै धारणा बन्न सकेको अवस्था छैन। कसैका लागि पुस्तान्तरण मुख्य विषय हो, कसैका लागि निर्वाचनको जिम्मेवारी र कसैका लागि संगठनको पुनर्निर्माण।

त्यसैले ओलीविरोधी धारको सबैभन्दा ठूलो चुनौती ओलीको विकल्प को ? भन्ने प्रश्नको उत्तर दिनु हो। ओली पक्षका लागि पनि समस्या कम छैन। पार्टीमा नेतृत्वप्रति प्रश्न उठिसकेपछि केवल अनुशासनको भाषा प्रयोग गरेर असन्तुष्टिलाई व्यवस्थापन गर्न खोज्दा त्यसले उल्टो प्रतिक्रिया जन्माउन सक्छ। एमाले सचिव महेश बस्नेतले नेतृत्व परिवर्तनसम्बन्धी चर्चा भ्रामक भएको बताएका थिए भने पुनर्गठन पक्षधर नेताहरूले भने नेतृत्वको प्रश्नलाई निर्वाचन परिणामसँग जोडिरहेका छन्।

यसरी हेर्दा एमालेको अहिलेको विवाद तत्काल फुटको दिशामा गएकोभन्दा निर्णायक शक्ति परीक्षणको पूर्वसन्ध्या जस्तो देखिन्छ। नेतृत्वले बहुमत सुरक्षित राख्न सके पुनर्गठनको दबाब केही समय मत्थर हुन सक्छ। नेतृत्वको पक्षमा रहेको भनिएको समर्थन व्यवहारमा कमजोर देखियो भने अहिलेसम्म दबिएर रहेका असन्तुष्टिहरू खुला राजनीतिक चुनौती बन्न सक्छन्।

त्यसैले 'भूसको आगो' को अर्थ यही बाँकी ७ पृष्ठमा

## इतरपक्षबाट अलग हुँदै



काठमाडौं/ पूर्व सभापति शेर बहादुर देउवा पक्षले आयोजना गरेको राष्ट्रिय मेला विवादमा परेको छ। गत श्रावण २९, ३० र ३१ गते सम्पन्न राष्ट्रिय भेलालाई अन्तिममा राष्ट्रिय सम्मेलनको नाम दिइएको थियो। उक्तभेलाको उद्घाटन सत्रमा सहभागी बनेर काँग्रेस सभापति गगनकुमार थापाको विपक्षमा निन्दाको तीखो वाण प्रहार गरेका पूर्व उपसभापति पूर्णबहादुर खड्का र वरिष्ठ नेता शेखर कोइराला समापन समारोहमा उपस्थिति नभएपछि विभिन्न अड्कलबाजीहरु शुरु भएका छन्।

त्यसमाथि इतरपक्षका नेता विमलेन्द्र निधि र प्रकाशशरणमहत बीच मञ्चमा देखिएको धकेलाधकेलको दृष्यले काँग्रेसभित्र नयाँ वहस शुरु भएको छ। धार्मिक विषयले भेलामा प्रवेश गरेपछि काँग्रेसको एकताप्रति प्रश्नचिन्ह उठेको छ।

इतरपक्षबाट विस्तारै नेताहरु टाढिन थालेको चर्चा बाँकी ७ पृष्ठमा

## सत्तामा राप्रपाको 'पत्र विवाद'

हेटौंडा/ प्रदेश सरकारको नेतृत्व फेरबदल गर्ने गरी दलहरूबीच नयाँ राजनीतिक समीकरणको अभ्यास भइरहेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बागमती प्रदेशमा देखिएको एउटा पत्र विवादका कारण राप्रपा आफैं राजनीतिक प्रश्नको घेरामा परेको छ। सरकार गठनका लागि आवश्यक बहुमत जुटाउने क्रममा राप्रपाको प्रदेश संसदीय दलबाट समर्थन जनाइएको पत्र अघि बढेपछि पार्टीको केन्द्रीय नेतृत्वले त्यसलाई आफ्नो निर्णय नभएको स्पष्ट पार्दै अर्को पत्राचार गरेपछि विवाद केवल सरकार बनाउने विषयमा सीमित रहेन, पार्टीभित्र निर्णय गर्ने अधिकार र केन्द्र-प्रदेश सम्बन्धको प्रश्नसमेत जोडिन पुगेको छ।

बागमती प्रदेशसभामा अहिले १०४ सदस्य छन् र सरकार गठनका लागि ५३ जनाको समर्थन आवश्यक पर्छ। एमालेका २५ र नेकपाका २६ सांसद जोड्दा ५१ पुग्छन्। त्यसैले दुई सांसद थपिए पनि नयाँ सरकार बन्ने अवस्था छ। यही कारण बागमतीको सत्ता समीकरणमा साना दलको भूमिका अस्वाभाविक रूपमा ठूलो भएको हो। राप्रपाका १२ सांसद र हाम्रो नेपाली पार्टीका दुई सांसद अहिलेको अंकगणितमा विशेष महत्व राख्ने अवस्थामा छन्।

यसैबीच एमाले र नेकपाबीच प्रदेश सरकारमा सहकार्य गर्ने सहमति बनेपछि बागमतीको नेतृत्व एमालेको भागमा परेको छ। एमालेले किरण थापामगरलाई मुख्यमन्त्रीका रूपमा अघि सारेपछि बहुमत जुटाउने प्रयास शुरु भयो। राप्रपाका प्रदेश संसदीय दलका नेता उद्धव थापाबाट समर्थन जनाइएको पत्रसमेत अघि बढेपछि नयाँ

सरकार गठनको सम्भावना बलियो देखियो। त्यसको केही समयमै राप्रपा केन्द्रले उक्त समर्थन पार्टीको आधिकारिक निर्णय नभएको भन्दै प्रदेश प्रमुखलाई जानकारी गराएपछि बाँकी ७ पृष्ठमा

## रा.स्व.पा लाई मन्त्री र सांसद सम्हाल्न सकस

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीलाई मन्त्री र सांसद सम्हाल्न सकस परिरहेको छ। सरकार बनेको साढे चार महिना वितिसक्दा पनि लय समात्न नसकेपछि र जनताका माग सम्बोधन हुन नसकेपछि प्रधानमन्त्री बालेन्द्र शाहले आठजना मन्त्रीहरु हटाएर सक्षम व्यक्तिलाई ल्याउने तयारी गरेको समाचार श्रोतले बताएको छ। ठूलो संख्यामा हटाइन लागेका मन्त्रीहरुको पहिलो सूचीमा गौरीकुमारी यादव परेकी छन्। उनलाई यसअघि रास्वपा सभापति र आइजीपी दानबहादुर कार्कीले रोकेका कारण गत असार १६ गतेदेखि आजसम्म झण्डा हल्लाउने मात्र काम गर्दै आएकी बताइएको छ।



गत असार १६ गते पेट्रोलियम पदार्थको मूल्य बढाउन सूचना चुहाएको र व्यवसायीसँग साठगाँठ गरेको आरोपमा पक्राउ पर्नबाट जोगिएकी थिइन्। अहिले सर्वसाधारण उपभोक्तालाई सहजै ग्यास उपलब्ध गराउन नसकी सास्ती दिएको आरोप पनि थपिएको छ। हटाउन लागेको दोश्रो सूचीमा निशा मेहता रहेकी छन्। सेवा प्रवाह कार्य सम्पादन र स्वास्थ्य क्षेत्र सुधार नआएको आरोप उनीमाथि लागेको बताइएको छ। तेस्रो सूचीमा श्रममन्त्री रामजी यादव रहेको बताइएको छ। यसैगरी कृषि तथा पर्यवरणमन्त्री गीता चौधरी, सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमल्सिना, संस्कृति तथा नागरिक उड्डयन मन्त्री खडगराज पौडेल, महिला बालबालिका मन्त्री सीतावादी र अर्थमन्त्री डा. स्वर्णिम वाग्ले रहेको चर्चा छ।

प्रधानमन्त्री शाहसँग सबैभन्दा बढी विवाद र टसल भएपनि सभापति लामिछानेको आशिर्वादका कारण वाग्ले नहट्ने संभावना बढी रहेको श्रोतले जानकारी दिएको छ। यता, प्रधानमन्त्रीका दाहिने र देब्रे हात मानिएका गृहमन्त्री सुधन गुरुङ र पूर्वाधार विकासमन्त्री सुनिल लम्साल पनि पछिल्लो समय भाइरल बनेका छन्। प्रधानमन्त्री शाहले परिणाम दिन नसक्ने बाँकी ७ पृष्ठमा

## योजना आयोग र यसको प्रभावकारिता



प्रसङ्गवश

कौशल कुमार भट्टराई

कुनै पनि मुलुकको विकास केवल बजेट छुट्याएर वा वर्षैपिच्छे नयाँ आयोजना घोषणा गरेर सम्भव हुँदैन। विकासका लागि आजको आवश्यकता मात्र होइन, भोलिको सम्भावना पनि देख्न सक्ने दृष्टि चाहिन्छ। मुलुकसँग उपलब्ध स्रोत कति छ, त्यसलाई कहाँ लगानी गर्दा बढी प्रतिफल आउँछ, नागरिकको जीवनमा कस्तो परिवर्तन ल्याउन सकिन्छ र आगामी दशकमा देशलाई कुन दिशातर्फ लैजाने भन्ने प्रश्नको समग्र उत्तर खोज्ने संस्थागत प्रयास नै राष्ट्रिय योजना निर्माण हो। यही कारण विश्वका विभिन्न मुलुकले आफ्नो राजनीतिक तथा आर्थिक प्रणालीअनुसार विकास योजना बनाउने निकाय, नीति-थिङ्कट्याङ्क वा समन्वयकारी संस्थाहरू विकास गरेका छन्। संयुक्त राष्ट्रसंघले समेत आर्थिक, सामाजिक र मानवीय विकासका लागि समग्र तथा एकीकृत योजना निर्माणलाई महत्वपूर्ण औजारका रूपमा स्वीकार गरेको इतिहास छ।

आजको विश्वमा 'योजना' भन्नाले विगतको जस्तो सरकारले सबै कुरा आफैं निर्धारण गर्ने कठोर केन्द्रीय योजनालाई मात्र बुझिँदैन। बजार, निजी क्षेत्र, प्रविधि, अन्तर्राष्ट्रिय व्यापार, जलवायु परिवर्तन, जनसांख्यिक परिवर्तन र नागरिकको सहभागितालाई समेत जोडेर दीर्घकालीन राष्ट्रिय दिशा तय गर्नु आधुनिक योजनाको मूल उद्देश्य बनेको छ। कतिपय देशमा योजना आयोगको पुरानो स्वरूप परिवर्तन भएको छ भने कतिपयले त्यसलाई नीति अनुसन्धान तथा रणनीति निर्माण गर्ने संस्थाका रूपमा निरन्तरता दिएका छन्। भारतमा पुरानो योजना आयोगको ठाउँमा सन् २०१५ मा नीति आयोग गठन गरिनु यसको एउटा उदाहरण हो। अहिले नीति आयोगलाई दीर्घकालीन रणनीति, नीतिगत सुझाव र केन्द्र तथा राज्यबीच सहकार्य बढाउने प्रमुख नीति-थिङ्कट्याङ्कका रूपमा परिभाषित गरिएको छ।

नेपालको सन्दर्भमा भने योजनावद्ध विकासको यात्रा सात दशकभन्दा लामो भइसकेको छ। वि.सं. २०१३ मा पहिलो पटक प्रधानमन्त्रीको अध्यक्षतामा योजना निर्माण गर्ने निकाय स्थापना भएको थियो। त्यसलाई संस्थागत बनाउन वि.सं. २०१४ मा योजना मण्डलको व्यवस्था गरियो। राजनीतिक परिवर्तनसँगै यसको स्वरूप पनि फेरियो। वि.सं. २०१७ पछि राजा बाँकी ७ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# कालिगण्डकी : जहाँ नदीमा बग्छ प्राचीन समुद्रको कथा


रोशन ज्ञवाली

नेपाललाई नदीहरूको देश भन्दा पनि हुन्छ। हिमालको काखबाट जन्मिएका अनगिन्ती नदी र खोलाहरूले नेपालको भूगोललाई चिरेर बग्दै यहाँको प्रकृति, सभ्यता र जीवनलाई आकार दिएका छन्। कुनै नदीले खेतीपातीलाई जीवन दिएको छ, कुनैले बस्ती बसाएको छ, कुनैले व्यापारको बाटो खोलेको छ र कुनै नदी धार्मिक आस्थाको केन्द्र बनेको छ। यी सबै नदीमध्ये कालिगण्डकीको परिचय अलि विलक्षण छ। यसलाई केवल पानी बग्ने नदी भनेर बुझ्न खोजियो भने यसको वास्तविक कथा अधुरै रहन्छ।

कालिगण्डकी आफैँमा एउटा यस्तो प्राकृतिक दस्तावेज हो, जसको धारमा भूगर्भको इतिहास, किनारमा सभ्यताको स्मृति, धार्मिक आस्थामा हजारौँ वर्षको विश्वास र शालिग्राममा प्राचीन समुद्रको अवशेष भेटिन्छ। उत्तरमा हिमाली भूभागबाट दक्षिणतर्फ निरन्तर बग्दै जाने कालिगण्डकी मुक्तिनाथ, कागबेनी, जोमसोम, बेनी, रिडी हुँदै देवघाटसम्म आइपुग्छ। त्यसपछि यसको जलप्रवाह नारायणी प्रणालीमा मिसिँदै अन्ततः गङ्गा नदी प्रणालीसँग जोडिन्छ। यसरी हेर्दा कालिगण्डकी नेपालका हिमाल, पहाड र दक्षिणी भूभागलाई जोड्ने प्राकृतिक धागो मात्र होइन, हिमालयदेखि गङ्गासम्म फैलिएको विशाल जलसभ्यताको एउटा महत्वपूर्ण कडी पनि हो।

कालिगण्डकीको सबैभन्दा रोचक परिचय यसको भूगर्भीय उमेर र नदीको बाटोसँग जोडिन्छ। सामान्य बुझाइमा नदी



पहाड बनेपछि जन्मिन्छ भन्ने लाग्न सक्छ। हिमालय क्षेत्रका केही प्रमुख नदीहरूको कथा त्यसभन्दा फरक छ। भूगर्भशास्त्रीय अध्ययनले कालिगण्डकीलाई हिमालयको वर्तमान स्वरूप पूर्णरूपमा विकसित हुनुअघिको जलप्रवाहसँग सम्बन्धित 'antecedent river' अर्थात् पहाड उठ्दै जाँदा पनि आफ्नो पुरानो मार्गलाई निरन्तर काट्दै अघि बढेको नदीका रूपमा व्याख्या गर्छ। त्यसैले लोकप्रिय भाषामा यसलाई 'हिमालभन्दा पुरानो नदी' भनिन्छ। यसको वैज्ञानिक अर्थ भने आज बगिरहेको पानीको प्रत्येक थोपा करोडौँ वर्ष पुरानो हो भन्ने होइन; नदीको जलमार्गको विकास हिमालयको वर्तमान उचाइ र स्वरूप बन्नुअघिदेखि भएको मानिन्छ भन्ने हो।

हिमालय निर्माणको कथा आफैँमा पृथ्वीको अत्यन्त ठूलो भूगर्भीय घटनासँग जोडिएको छ। भारतीय भू-प्लेट उत्तरतर्फ सर्दै युरेसियाली भू-प्लेटसँग ठोक्किँदै जाँदा समुद्रको पुरानो सतह उठ्न थाल्यो र क्रमशः हिमालयको विशाल पर्वतश्रृंखला निर्माण भयो। भूभाग उठ्दै जाँदा पनि कालिगण्डकीले आफ्नो बाटो छाडेन। बरु निरन्तर कटान गर्दै चट्टान चिर्दै गहिरिँदै गयो। यही कारण धौलागिरि र अन्नपूर्णजस्ता विशाल हिमश्रृंखलाबीच कालिगण्डकीले बनाएको गहिरो खोँच संसारकै अद्भूत भौगोलिक संरचनामध्ये एक मानिन्छ।

यस नदीको किनारमा उभिएर वरिपरिका हिमाल हेर्दा यसको विशालता झन् अनुभूत हुन्छ। एकातिर आकाश छुन खोज्ने हिमशिखर र अर्कोतिर ती शिखरबीच निकै तलसम्म काटिएको नदीको उपत्यका। प्रकृतिको यो दृश्य आफैँमा लाखौँ वर्षको संघर्षको परिणाम हो। कालिगण्डकीले केवल पानी बोकेको छैन; उसले आफ्नो बाटोमा पृथ्वीको निर्माण र परिवर्तनका प्रमाणहरू पनि बोकेर हिँडेको छ।

यही भूगर्भीय इतिहाससँग जोडिएर आउँछ शालिग्रामको कथा। हिन्दू धर्मावलम्बीका लागि शालिग्राम सामान्य ढुङ्गा होइन। विशेषतः वैष्णव परम्परामा यसलाई भगवान् विष्णुको प्राकृतिक स्वरूप मानिन्छ। मानवले कुँदेर बनाएको मूर्ति नभई प्रकृतिले आफैँ निर्माण गरेको देवस्वरूपका रूपमा शालिग्रामको पूजा गरिन्छ। यही कारण शालिग्रामको धार्मिक महत्त्व अन्य धेरै पूजनीय वस्तुभन्दा फरक छ। शालिग्रामको पूजा, दर्शन र स्पर्शलाई पुण्यसँग जोड्ने धार्मिक विश्वास छ र विभिन्न वैदिक तथा हिन्दू संस्कारमा यसको प्रयोग हुने गरेको पाइन्छ।

शालिग्रामको वैज्ञानिक कथा भने झन् रोचक छ। कालिगण्डकीको माथिल्लो क्षेत्रमा पाइने धेरै शालिग्रामलाई प्राचीन समुद्री जीव अम्मोनाइटका जीवाश्मसँग सम्बन्धित मानिन्छ। अम्मोनाइटहरू आज अस्तित्वमा नरहेका समुद्री जीव हुन्, जो प्राचीन टेथिस सागरमा बस्थे। भारतीय भूभाग र युरेसियाली भूभागबीचको भूगर्भीय टक्करका क्रममा टेथिस सागरका पुराना समुद्री तहहरू उठेर हिमालयको भाग बने। कालिगण्डकीले ती चट्टानी तहहरूलाई काट्दै बग्ने क्रममा त्यहाँ रहेका जीवाश्महरू नदीको प्रवाहमा आइपुग्छन् र पानी, बालुवा तथा ढुङ्गासँगको घर्षणले क्रमशः चिल्लो र गोलाकार स्वरूप ग्रहण गर्छन्। मुस्ताङ क्षेत्रका चट्टानी तहमा अम्मोनाइट जीवाश्म पाइने वैज्ञानिक प्रमाणसमेत भेटिन्छ।

यसरी हेर्दा शालिग्राम एउटा अद्भुत संगम हो, विज्ञानका लागि प्राचीन समुद्री जीवनको प्रमाण र आस्थाका लागि भगवान् विष्णुको प्रतीक। एउटै बस्तुलाई दुई फरक दृष्टिले हेर्न सकिन्छ, तर दुवै दृष्टिकोणले यसको विशिष्टता भने स्वीकार गर्छन्।

शालिग्रामका सतहमा देखिने घुमाउरा चक्र, प्वाल र प्राकृतिक आकृतिलाई धार्मिक परम्पराले विशेष अर्थ दिएको छ। कतिपय आकृतिलाई भगवान् विष्णुको सुदर्शन चक्रसँग जोडिन्छ भने विभिन्न आकार र चिह्नअनुसार विभिन्न स्वरूपको धार्मिक व्याख्या गर्ने परम्परा छ। हिन्दू धार्मिक साहित्य र वैष्णव परम्परामा शालिग्रामको महत्त्वबारे लामो समयदेखि चर्चा हुँदै आएको छ। यसको पूजा दक्षिण एशियाका विभिन्न भागमा फैलिएको पाइन्छ र नेपालबाट शुरु भएको शालिग्रामसम्बन्धी धार्मिक परम्परा आज नेपालबाहिरका हिन्दू समुदायसम्म पनि पुगेको अध्ययनहरूमा उल्लेख छ।

त्यसैले कालिगण्डकीको किनारमा भेटिने एउटा सानो कालो ढुङ्गाले पनि असाधारण यात्रा बोकेको हुन्छ। कल्पना गरौं त कुनै समय पृथ्वीको प्राचीन समुद्रमा विचरण गर्ने जीवको खोल लाखौँ वर्षसम्म चट्टानभित्र सुरक्षित रह्यो। पृथ्वीको भूगोल बदलियो, समुद्र हरायो, समुद्री सतह उठेर हिमालय बन्यो, चट्टानहरू चिरिए र अन्ततः त्यही जीवाश्म नदीमा आइपुग्यो। त्यसपछि मानिसले त्यसमा ईश्वरको स्वरूप देख्यो र घरको पूजाकोठामा स्थान दियो। एउटा ढुङ्गाको यात्रामा पृथ्वीको इतिहासदेखि मानव आस्थासम्मको कथा जोडिनु आफैँमा अद्भूत कुरा हो।

कालिगण्डकीको धार्मिक महत्त्व शालिग्राममा मात्र सीमित छैन। यसको किनारमा विकसित तीर्थहरूको श्रृंखला आफैँमा विशाल धार्मिक भूगोल हो। माथिल्लो क्षेत्रमा रहेको मुक्तिनाथ हिन्दू र बौद्ध दुवै परम्पराका लागि महत्वपूर्ण आध्यात्मिक स्थल हो। मुक्तिक्षेत्र, कागबेनी र दामोदरकुण्डसँग जोडिएको क्षेत्रले कालिगण्डकीको धार्मिक परिचयलाई अझ गहिरो बनाएको छ। तलतिर आउँदा रिडी अर्थात् रुरु क्षेत्रको महत्त्व देखिन्छ। कालिगण्डकीको किनारमा अवस्थित रिडी धार्मिक स्नान, मेला र विभिन्न संस्कारका कारण लामो समयदेखि श्रद्धाको केन्द्र रहँदै आएको छ।

अझ तल देवघाट पुग्दा कालिगण्डकीको अर्को महत्वपूर्ण अध्याय शुरु हुन्छ। कालिगण्डकी र त्रिशूलीको संगम रहेको देवघाट हिन्दू धार्मिक परम्परामा अत्यन्त पवित्र स्थल मानिन्छ। स्नान, श्राद्ध, तर्पण, पितृकार्य र धार्मिक अनुष्ठानका लागि यहाँ देशका विभिन्न भागबाट मानिस पुग्छन्। यसरी नदीको माथिल्लो भागदेखि तल्लो भागसम्म पुग्दा कालिगण्डकीको यात्रा एउटा निरन्तर तीर्थयात्राजस्तै देखिन्छ।

कालिगण्डकीले धार्मिक मात्र होइन, सांस्कृतिक सम्बन्ध पनि निर्माण गरेको छ। मुस्ताङ क्षेत्र हुँदै जाने पुराना हिमाली बाटाहरूले नेपाल र तिब्बती भूभागबीच व्यापार, मानिसको आवतजावत र सांस्कृतिक आदानप्रदानमा भूमिका खेले। माथिल्लो कालिगण्डकी क्षेत्रमा बौद्ध संस्कृति, गुम्बा, परम्परागत हिमाली बस्ती र पुराना व्यापारिक मार्गहरू आज पनि त्यस इतिहासका स्मृति बनेर रहेका छन्। यस अर्थमा कालिगण्डकी एउटा धर्मको मात्र नदी होइन; यो विभिन्न धार्मिक तथा सांस्कृतिक परम्परा भेटिने साझा मार्ग पनि हो।

यस नदीसँग जोडिएको जनजीवन पनि उत्तिकै महत्वपूर्ण छ। नदीको पानीले खेतीपातीलाई सहयोग गरेको छ, नदीकिनारका बस्तीलाई जीवन दिएको छ, धार्मिक पर्यटनलाई गति दिएको छ र स्थानीय अर्थतन्त्रलाई आधार प्रदान गरेको छ। मुक्तिनाथ जाने यात्रु, मुस्ताङ पुग्ने पर्यटक, रिडीका धार्मिक यात्रु र देवघाट पुग्ने तीर्थालु सबैले कालिगण्डकीलाई आ-आफ्नै तरिकाले अनुभव गर्छन्। कसैका लागि यो तीर्थ हो, कसैका लागि पर्यटनको गन्तव्य, कसैका लागि जीविकाको आधार र कसैका लागि पृथ्वीको प्राचीन इतिहास पढ्ने खुला पुस्तक।

यति ठूलो प्राकृतिक र सांस्कृतिक सम्पदा हुँदाहुँदै कालिगण्डकीमाथि चुनौती पनि बढिरहेका छन्। नदीजन्य पदार्थको अत्यधिक उत्खनन, अव्यवस्थित भौतिक संरचना, प्रदूषण, नदीको प्राकृतिक बहावमाथि पर्ने दबाब तथा शालिग्रामको अनियन्त्रित संकलनले यसको मौलिक स्वरूपमाथि प्रश्न उठाउन थालेका छन्। विशेषगरी शालिग्रामलाई केवल बिक्रीयोग्य वस्तुका रूपमा हेर्न थालियो भने त्यसको धार्मिक र भूगर्भीय दुवै मूल्य कमजोर हुन सक्छ। हालका चर्चाहरूले पनि शालिग्रामको संरक्षण र यसको प्राकृतिक स्रोतको दिगो व्यवस्थापन आवश्यक रहेको औँल्याएका छन्।

अब कालिगण्डकी संरक्षणलाई केवल वातावरणीय मुद्दा भनेर हेरेर पुग्दैन। यो भू-सम्पदा संरक्षणको विषय हो, धार्मिक सम्पदा संरक्षणको विषय हो, सांस्कृतिक सम्पदा जोगाउने विषय हो र स्थानीय जनजीवनको भविष्यसँग जोडिएको विषय पनि हो। नदीको प्राकृतिक बहाव जोगाउनुका साथै शालिग्राम पाइने क्षेत्रको वैज्ञानिक संरक्षण, तीर्थस्थलहरूको व्यवस्थापन, नदीकिनारको स्वच्छता र स्थानीय समुदायको सहभागितामा आधारित पर्यटन विकास आवश्यक देखिन्छ।

हामी शालिग्रामलाई भगवान् विष्णुको स्वरूप मान्छौँ भने त्यही शालिग्राम जन्माउने नदीप्रति हाम्रो व्यवहार पनि श्रद्धापूर्ण हुनुपर्छ। नदीलाई पूजा गर्ने तर नदीमै फोहोर फाल्ने, शालिग्रामलाई देवता मान्ने तर त्यसको प्राकृतिक स्रोत नष्ट गर्ने व्यवहार हाम्रो आस्थासँग मेल खाँदैन। प्रकृतिको सम्मान नै वास्तविक धार्मिक चेतनाको पहिलो आधार हुन सक्छ।

कालिगण्डकीलाई त्यसैले एउटा नदीको सीमित अर्थमा बुझ्नु हुँदैन। यसको पानीमा वर्तमान बगिरहेको छ, किनारमा इतिहास उभिएको छ, शालिग्राममा प्राचीन समुद्रको स्मृति सुरक्षित छ, हिमाली खोँचमा पृथ्वीको भूगर्भीय परिवर्तन देखिन्छ र तीर्थस्थलहरूमा पुस्तौँपुस्ताको आस्था जीवित छ।

सायद यही कारण कालिगण्डकी नेपालको प्राकृतिक सम्पदामध्ये एउटा यस्तो सम्पदा हो, जसलाई हेर्दा पानी मात्र देखिँदैन, समय बगेको देखिन्छ। हिमालय उठ्नुअघिको भूगोलदेखि आजको मानव सभ्यतासम्म आइपुगेको यसको यात्रा आफैँमा पृथ्वीको एउटा लामो कथा हो। शालिग्राम हातमा लिएर श्रद्धाले निहुरिने भक्तले भगवान् देख्न सक्छ, वैज्ञानिकले त्यसमा करोडौँ वर्ष पुरानो समुद्रको प्रमाण देख्न सक्छ र इतिहासकारले त्यसको यात्रामा मानव सभ्यताको कथा खोज्न सक्छ।

यी सबै दृष्टिकोणको अन्तिम निष्कर्ष एउटै हुन सक्छ कि कालिगण्डकीलाई जोगाउनुपर्छ। कालिगण्डकी हराउनु भनेको एउटा नदीको पानी सुक्नु मात्र होइन; पृथ्वीको प्राचीन इतिहासको एउटा खुला अभिलेख, नेपाली धार्मिक संस्कृतिको एउटा महत्वपूर्ण आधार, शालिग्रामको प्राकृतिक जन्मभूमि र पुस्तौँदेखि बग्दै आएको एउटा जीवित सभ्यताको स्मृति कमजोर हुनु हो।

त्यसैले कालिगण्डकीलाई हेर्दा हामीले केवल नदी नहेरौँ। त्यहाँ हिमालको इतिहास हेरौँ, समुद्रको स्मृति हेरौँ, शालिग्राममा आस्था हेरौँ, तीर्थमा संस्कृति हेरौँ र नदीको निरन्तर प्रवाहमा प्रकृतिको अदम्य शक्ति हेरौँ। यही दृष्टिले कालिगण्डकीलाई बुझ्न र जोगाउन सके मात्र भावी पुस्ताले पनि त्यही नदीमा आज हामीले देखिरहेको पृथ्वीको पुरानो कथा पढ्न पाउनेछन्।

# षडानन्दले दिङ्लाबाट फैलाएको ज्ञानको उज्यालो

## पिएमणि भट्टराई



नेपालको इतिहास पल्टाउँदा कतिपय यस्ता व्यक्तित्व भेटिन्छन्, जसको जीवनलाई केवल उनी जन्मेको ठाउँ वा उनी बसेको समयभित्र सीमित गरेर बुझ्न सकिँदैन। उनीहरूले आफ्नो समयभन्दा धेरै अगाडिको सोच बोकेका हुन्छन्। त्यस्तै व्यक्तित्व हुन् भोजपुर दिङ्लाका बालागुरु षडानन्द अधिकारी। आजभन्दा झन्डै दुई शताब्दीअघि पूर्वी नेपालको पहाडी भूगोलमा जन्मिएर उनले शिक्षा, अध्यात्म, समाज सुधार र प्रकृतिप्रतिको प्रेमलाई जुन ढंगले आफ्नो जीवनसँग जोडे, त्यसले उनलाई नेपाली समाजमा विशिष्ट व्यक्तित्वका रूपमा स्थापित गरेको छ।

षडानन्दको जीवनको शुरुआत नै संघर्षपूर्ण थियो। भोजपुरको दिङ्ला क्षेत्रमा जन्मिएका उनको बाल्यकाल सुखसयलमा बितेन। जन्मनुअघि नै पिताको निधन भएकाले उनले बाबुको माया र संरक्षण अनुभव गर्न पाएनन्। परिवारको अवस्था पनि सहज थिएन। अझ बाल्यकालसँग जोडिएको एउटा मार्मिक प्रसङ्ग त आजसम्म पनि दिङ्लाको लोकस्मृतिमा सुनिन्छ कि आमाको दूध पर्याप्त नआएको अवस्थामा धनमाया नामकी दमिनी महिलाले आफ्नो दूध खुवाएर बालक षडानन्दलाई हुर्कन सहयोग गरेकी थिइन्। जातीय विभेद बलियो रहेको त्यस समयको समाजमा एउटा दलित महिलाले आफ्नो दूध खुवाएर एउटा बालकको जीवन जोगाएको प्रसङ्ग आफैंमा मानवीय सम्बन्धको अद्भूत उदाहरण बन्न पुगेको छ।

बाल्यकालको यही अभाव र संघर्षले होला, षडानन्दको मन सामान्य जीवनमा मात्र अडिएन। उनको रुचि अध्ययन, ज्ञान र आध्यात्मिक चिन्तनतर्फ बढ्दै गयो। त्यसबेला आजको जस्तो विद्यालय, विश्वविद्यालय वा पुस्तकालयको सुविधा थिएन। ज्ञान प्राप्त गर्न चाहनेले गुरु खोज्दै हिँड्नुपर्थ्यो। षडानन्दले पनि त्यही बाटो रोजे। नेपालका विभिन्न ठाउँ हुँदै भारतका धार्मिक तथा विद्वत् केन्द्रसम्म पुगे। विशेषतः काशी अर्थात् वाराणसीमा उनले संस्कृत, वेद, दर्शन र आध्यात्मिक विषयको गहिरो अध्ययन गरे। त्यहाँ उनको विद्वता र साधनाको चर्चा फैलिएको मानिन्छ।

उनीसँग ज्ञान बढ्दै जाँदा एउटा अर्को प्रश्न पनि जन्मियो कि आफूले पाएको ज्ञान अरूलाई कसरी दिने ? यही प्रश्नको उत्तर खोज्दै उनी फेरि आफ्नै भूगोलतर्फ फर्किए। दिङ्लाको पहाडमा उनले शिक्षाको त्यस्तो आधार खडा गरे, जसको महत्व त्यस समयको नेपालको सामाजिक र राजनीतिक परिवेश बुझ्दा अझ स्पष्ट हुन्छ।

त्यतिबेला शिक्षा सर्वसाधारणको सहज पहुँचमा थिएन। राणा शासनको प्रभावमा रहेको नेपालमा शिक्षालाई सीमित राख्ने प्रवृत्ति बलियो थियो। यस्तो अवस्थामा षडानन्दले दिङ्लामा संस्कृत शिक्षा र गुरुकुलीय पद्धतिमा आधारित पाठशाला सञ्चालन गरे। टाढा-टाढाबाट विद्यार्थी त्यहाँ आउन थाले। व्याकरण, वेद, दर्शन, काव्य, संस्कृत साहित्य तथा धार्मिक-दार्शनिक विषय पढाइन्थे। ज्ञान खोज्ने विद्यार्थीका लागि दिङ्ला क्रमशः एउटा महत्वपूर्ण केन्द्र बन्दै गयो।

उनको गुरुकुल केवल पाठ पढाउने ठाउँ थिएन। त्यसले पूर्वी पहाडमा एउटा नयाँ चेतना जन्मायो–शिक्षा केही व्यक्तिको सम्पत्ति होइन, समाजको साझा आवश्यकता हो। आफ्नो समयका सामाजिक सीमालाई चुनौती दिँदै उनले शिक्षाको ज्योति फैलाउने प्रयास गरे। यही कारण बालागुरु षडानन्दलाई केवल संस्कृतका विद्वान् वा धार्मिक गुरुका रूपमा मात्र सम्झनु उनको योगदानलाई साँघुरो बनाउनु हुनेछ।

उनको जीवनको अर्को महत्वपूर्ण पक्ष सामाजिक सुधारसँग जोडिन्छ। त्यस समय नेपाली समाजमा सतीप्रथा जस्तो अमानवीय चलन कायम थियो। पति मरेपछि पत्नीलाई समेत चितामा जलाउने प्रथा धर्म र संस्कारको नाममा स्वीकार गरिन्थ्यो। षडानन्दले यस्तो कुप्रथालाई सहज रूपमा स्वीकार गरेनन्। उनले स्थानीय स्तरमा यसको विरोध गरे र तात्कालीन शासक वर्गसमक्ष पनि सतीप्रथाको अन्त्यका लागि आवाज उठाएको प्रसङ्ग पाइन्छ।

अवश्य पनि नेपालबाट सतीप्रथा हट्नु कुनै एक व्यक्तिको प्रयासको परिणाम मात्र थिएन। धेरै सामाजिक सुधारक, चेतनशील व्यक्ति र समयक्रममा विकसित सामाजिक दबाबले त्यसका लागि वातावरण तयार गरेको थियो। पछि चन्द्रशमशेरको शासनकालमा सतीप्रथा कानुनी रूपमा अन्त्य भयो। त्यसअघि नै यसको विरुद्ध आवाज उठाउने साहस गरेका व्यक्तिहरूमध्ये षडानन्दको नामलाई सम्झनु उनको सामाजिक चेतनाको सम्मान गर्नु हो।

षडानन्दको व्यक्तित्वसँग जोडिएको अर्को रोचक पक्ष हो– प्रकृतिप्रतिको उनको लगाव। उनले दिङ्लामा विभिन्न किसिमका वनस्पति रोप्ने र संरक्षण गर्ने काम गरेको स्थानीय स्मृति छ। विशेषतः रुद्राक्षसँग उनको नाम गहिरोसँग जोडिन्छ। दिङ्लामा उनले रुद्राक्षका बिरुवा रोपेको र ती बिरुवाबाट विकसित भएका रूखहरू अहिले पनि फल दिने गरेको स्थानीय विश्वास छ। आज रुद्राक्षलाई धार्मिक आस्था, संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोडेर हेर्ने गरिन्छ। तर त्यसबेला नै यसको संरक्षण र विस्तारतर्फ ध्यान दिनु उनको प्रकृतिप्रतिको चेतनाको एउटा रोचक पक्ष मान्न सकिन्छ।

वन संरक्षणका विषयमा पनि उनको सोच तात्कालीन समयका लागि उल्लेखनीय रहेको बताइन्छ। मानिसले प्रकृतिलाई केवल उपभोग गर्ने वस्तुका रूपमा हेर्ने प्रवृत्ति बलियो रहेको अवस्थामा उनले वन र वातावरणको संरक्षणलाई सामाजिक हितसँग जोडेर हेरेको जनश्रुति पाइन्छ। यस अर्थमा उनलाई आधुनिक वातावरणीय चेतनाको प्रारम्भिक संवाहकका रूपमा समेत सम्झने गरिएको छ।

बालागुरु षडानन्दको चर्चा गर्दा इतिहाससँगै किंवदन्तीहरू पनि सँगसँगै आउँछन्। दिङ्ला र आसपासका क्षेत्रमा उनीसँग जोडिएको एउटा चर्चित जनश्रुति छ कि उनी एकै दिन काठमाडौँमा पनि देखिन्थे र दिङ्लामा पनि देखिन्थे भन्ने। त्यस्तै अरुण नदीजस्तो तीव्र बहाव भएको नदीलाई उनले रुमाल राखेर पार गर्थे भन्ने कथा पनि पुस्तौँदेखि सुनिँदै आएको छ।

यी प्रसङ्गलाई आधुनिक इतिहासको प्रमाणित घटनाका रूपमा प्रस्तुत गर्नु उचित हुँदैन। यस्ता किंवदन्तीहरू किन जन्मिए भन्ने प्रश्न भने रोचक छ। सम्भवतः असाधारण विद्वता, तपस्या, साधना र व्यक्तित्वका कारण सामान्य मानिसको कल्पनामा षडानन्द क्रमशः अलौकिक पात्रका रूपमा स्थापित हुँदै गए। कुनै व्यक्तिप्रति समाजले असाधारण श्रद्धा राख्दा उसको जीवनसँग यस्ता कथाहरू जोडिनु नेपाली लोकपरम्परामा नौलो कुरा होइन। त्यसैले यी कथाहरूलाई तथ्य र लोकविश्वासको सीमारेखासहित बुझ्नु नै उचित हुन्छ।


उनको ख्याति नेपालमा मात्र सीमित रहेन। भारतका धार्मिक तथा विद्वत् केन्द्रमा पनि उनको परिचय फैलिएको बताइन्छ। विशेषगरी काशीमा उनको विद्वता र साधनाको सम्मान भएको प्रसङ्गले त्यतिबेला नेपालका एक साधक तथा विद्वान्ले सीमापारि पनि आफ्नो प्रभाव बनाउन सकेको देखाउँछ। आधुनिक सञ्चारको सुविधा नभएको समयमा एउटा पहाडी गाउँबाट निस्किएको व्यक्ति भारतका विद्वत् समाजसम्म परिचित हुनु आफैंमा असाधारण कुरा थियो।

षडानन्दको जीवनको अर्को विशेषता थियो कि व्यक्तिगत प्रतिष्ठाभन्दा सार्वजनिक हितलाई महत्व दिनु। उनले शिक्षा फैलाए, गुरुकुल चलाए, सामाजिक कुरीतिविरुद्ध आवाज उठाए, धार्मिक तथा सांस्कृतिक गतिविधिलाई व्यवस्थित गरे र प्रकृतिसँगको सम्बन्धलाई पनि महत्व दिए। उनका कामको प्रभाव तत्कालीन पुस्तामा मात्र सीमित रहेन। उनले तयार पारेका विद्यार्थी, उनले स्थापना गरेको शैक्षिक परम्परा र उनले जगाएको चेतनाले पछिल्ला पुस्तालाई पनि प्रभावित गरिरह्यो।

आज दिङ्लाको नाम उच्चारण गर्दा बालागुरु षडानन्दको नाम स्वतः सम्झनामा आउँछ। उनको सम्मानमा स्थानीय तहको नामसमेत षडानन्द नगरपालिका राखिएको छ। सालिक, विद्यालय, नगरपालिका वा स्मृतिमा नाम लेखिनु मात्र उनको वास्तविक सम्मान होइन। उनको जीवनको सबैभन्दा ठूलो सन्देश त ज्ञानलाई समाजसँग बाँड्नु, गलत परम्पराविरुद्ध बोल्नु र आफ्नो समयभन्दा अगाडि सोच्नु हो।

बालागुरु षडानन्दको जीवनलाई हेर्दा एउटा अनौठो यात्रा देखिन्छ। दूधको अभावमा अर्की आमाको ममताबाट जीवन पाएको बालक, ज्ञानको खोजीमा टाढा पुगेको विद्यार्थी, भारतमा विद्वताको परिचय बनाएको साधक, दिङ्लामा गुरुकुल स्थापना गर्ने शिक्षक, सामाजिक कुरीतिविरुद्ध आवाज उठाउने सुधारक र प्रकृतिको संरक्षण गर्ने कर्मशील व्यक्तित्व। उनको जीवनका केही प्रसङ्ग इतिहासका पानामा छन्, केही स्थानीय स्मृतिमा छन् र केही किंवदन्तीमा मिसिएका छन्। यी सबैलाई जोड्ने मूल धागो भने एउटै देखिन्छ त्यो के भने ज्ञान र चेतनाको उज्यालो फैलाउने दृढ इच्छा।

दिङ्लाको पहाडमा उनले रोपेको रुद्राक्षको रूख आज पनि फलिरहेको छ भन्ने स्थानीय विश्वास छ। त्यो रूख केवल एउटा वनस्पति होइन, एउटा प्रतीक पनि हो। समय बदलियो, शासन बदलियो, शिक्षा बदलियो, समाज बदलियो; तर उनले रोपेको ज्ञानको बिरुवा भने अझै सुक्न दिएको छैन। त्यसैले बालागुरु षडानन्दलाई सम्झनु भनेको एउटा पुरानो धार्मिक व्यक्तित्वलाई सम्झनु मात्र होइन, नेपालको शिक्षा, सामाजिक चेतना र सुधारको इतिहासमा एक अग्रणी अध्यायलाई सम्झनु पनि हो।




लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

प्रधान-सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौँ-कार्यालय : बबरमहल, काठमाडौँ, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौँ

## मननीय कुरा

**"जीवन साइकल चलाएजस्तै हो । सन्तुलन कायम राख्न निरन्तर अगाडि बढिरहनुपर्छ ।"** - अल्बर्ट आइन्स्टाइन

**"हामी जे गर्छौं, त्यसले मात्र होइन, हामी बारम्बार के गर्छौं भन्ने कुराले हाम्रो चरित्र निर्माण गर्छ।"** - अरस्तु

**"तपाईं जहाँ जानुहुन्छ, त्यहाँ उज्यालो लिएर जान सक्नुहुन्छ भने संसार केही राम्रो बन्न सक्छ।"** - कन्फ्युसियस

**"आफूलाई चिन्नु नै वास्तविक ज्ञानको शुरुवात हो।"** - सुकरात

**"भोलि मर्नेछौँ जस्तो गरी बाँच, सधैँ बाँच्नेछौँ जस्तो गरी सिक।"** - महात्मा गान्धी

## सम्पादकीय................

### कांग्रेसलाई चाहिएको विजय होइन, मिलन

नेपाली कांग्रेस यतिबेला राजनीतिक इतिहासकै एउटा संवेदनशील मोडमा उभिएको छ। विशेष महाधिवेशनबाट गगनकुमार थापा सभापतिको जिम्मेवारीमा आएपछि पार्टीभित्रको नेतृत्वसम्बन्धी विवादले कानूनी बाटोसमेत समातेको हो। निर्वाचन आयोगले विशेष महाधिवेशनबाट बनेको नेतृत्वलाई मान्यता दिएको र सर्वोच्च अदालतबाट समेत त्यसलाई मान्यता दिने फैसला आएको अवस्थामा पछिल्लो पटक पुनरावलोकनका लागि निस्सा प्रदान हुनुले विवाद अझै पूर्णरूपमा टुंगिएको छैन भन्ने देखाएको छ। अदालतको ढोकाबाट विवादको एउटा पक्षमा निर्णय खोज्न सकिए पनि राजनीतिक दलभित्रको मनमुटावको स्थायी उपचार न्यायिक आदेशबाट मात्र सम्भव हुँदैन। कांग्रेसका लागि अहिलेको सबैभन्दा ठूलो आवश्यकता कानूनी जित वा हारभन्दा माथि उठेर राजनीतिक निकास खोज्नु हो किनकि पार्टीभित्रको एउटा पक्षले आफूलाई वैधानिक र अर्को पक्षले आफूलाई उपेक्षित ठानिरहने अवस्था लामो समय कायम रह्यो भने त्यसको असर संगठनदेखि जनविश्वाससम्म पर्न सक्छ।

यही पृष्ठभूमिमा पूर्वसभापति शेरबहादुर देउवा नेपाल फर्किनु र कांग्रेसको इतर समूहले राष्ट्रिय भेला गर्नुले पार्टीभित्रको असन्तुष्टि सतहमै रहेको संकेत गर्छ। राष्ट्रिय भेला गर्नु, आफ्ना धारणा राख्नु वा नेतृत्वसँग असहमति व्यक्त गर्नु लोकतान्त्रिक पार्टीका लागि अस्वाभाविक होइन। समस्या त्यतिबेला उत्पन्न हुन्छ, जब असहमति संवादको बाटो नभई समानान्तर शक्ति निर्माणको आधार बन्न थाल्छ। थापा नेतृत्वमा आएपछि नयाँ पुस्ताले कांग्रेसमा परिवर्तनको अपेक्षा गरेको छ भने देउवा र अन्य अनुभवी नेताहरूसँग लामो राजनीतिक अनुभव, संगठनात्मक योगदान र ठूलो कार्यकर्ता पंक्ति छ। यी दुई पक्षलाई आमनेसामने उभ्याएर हेर्नु नै कांग्रेसको दुर्भाग्य हुनेछ। नयाँ नेतृत्वले पुरानो पुस्तालाई समाप्त गर्नुपर्ने र पुरानो पुस्ताले नयाँ नेतृत्वलाई स्वीकार गर्न नहुने भन्ने सोच दुवै कांग्रेसका लागि घातक छन्। असहमतिको सम्मान गर्दै नेतृत्व र अनुभवबीच पुल निर्माण गर्न सक्नु नै अहिलेको वास्तविक राजनीतिक कौशल हो।

कांग्रेसको वर्तमान संकटमा सबैभन्दा महत्वपूर्ण प्रश्न अब 'कसको नेतृत्व सही ?' भन्ने मात्र होइन, 'कांग्रेसलाई कसरी एकै ठाउँमा राख्ने ?' भन्ने हुनुपर्छ। विशेष महाधिवेशनको निर्णय, निर्वाचन आयोगको मान्यता, सर्वोच्च अदालतको फैसला र पुनरावलोकनको प्रक्रियालाई आ-आफ्नो कानूनी अर्थमा अघि बढ्न दिनुपर्छ। त्यसैलाई राजनीतिक सम्बन्ध विच्छेदको आधार बनाउनु हुँदैन। सभापति थापाले आफ्नो वैधानिक हैसियतलाई आत्मविश्वासका साथ प्रयोग गर्दै असन्तुष्ट पक्षसँग संवादको हात बढाउनुपर्छ। देउवा तथा इतर समूहले पनि आफ्नो असहमति कायम राख्न पाउने अधिकार प्रयोग गर्दै कांग्रेसको मूल घरबाट बाहिरिने वा छुट्टै संरचना निर्माण गर्ने मानसिकता त्याग्नुपर्छ। राष्ट्रिय भेला पनि विभाजनको घोषणा होइन, एकताको दबाब र आत्मसमीक्षाको अवसर बन्न सक्छ। कांग्रेसमा व्यक्ति बदलिन सक्छन्, नेतृत्व बदलिन सक्छ, तर कांग्रेसको आवश्यकता र यसको लोकतान्त्रिक विरासत समाप्त हुनु हुँदैन। त्यसैले अहिले कांग्रेसका सबै पक्षले आफ्नो पक्षको जित खोज्नेभन्दा कांग्रेसको जित खोज्नु नै बुद्धिमानी हुनेछ। यही बाटोले मात्र पार्टीलाई विवादबाट विश्वासतर्फ र विभाजनको आशंकाबाट एकताको सम्भावनातर्फ लैजान सक्छ।

# नेपालमा जैविक विविधताको आवश्यकता-संरक्षणका उपाय

सामान्य रूपमा भन्नुपर्दा पृथ्वीमा प्राप्त हुने सजीव प्राणी, वनस्पति, जीव-जिवात्मा र तिनीहरूमा प्राप्त हुनेविविधता अर्थात् पृथक प्रवृत्ति वा गुणलाई जैविक विविधता भन्न सकिन्छ। पृथ्वीमा उपलब्ध जीव, वनस्पति अथवा जलचर र स्थलचर सहित निर्जीव तत्त्व बीचको अन्तरसम्बन्धले नै पृथ्वीको प्राकृतिक वातावरण सन्तुलित बनाइरहेको छ। यसका कारण पृथ्वीमा मानिस लगायत सम्पूर्ण प्राणीहरूको अस्तित्त्व कायम रहन सकेको छ। त्यसैले संसार जैविक विविधताको अघोषित साम्राज्य हो। जब प्रकृतिमा जैविक विविधताको गुणात्मक र संख्यात्मक विकासमा शिथिलता उत्पन्न हुन्छ र ह्रास आउन थाल्दछ तब मानिसले आफ्नो अस्तित्त्वमाथि समेत शङ्का उठाउनु पर्ने हुन्छ।

यस अर्थमा जैविक विविधता जीवनको सहयात्री हो, विकास र उन्नतीको मूल जरो वा स्पन्दन हो। यसैबाट जैविक विविधताको महिमा वा महत्त्व समेत स्पष्ट रूपमा झल्कन्छ। जैविक विविधतालाई विभिन्न दृष्टिकोणबाट परिभाषित गरिएको पाइन्छ। जैविक विविधता प्राणी, वनस्पति तथा सूक्ष्म जीवहरूको जाति प्रणालीमा आएको विभेद भन्ने बुझिन्छ। यो भिन्नता उनीहरूको वंशाणुगत गुणमा आउने परिवर्तन, पर्यावरणमा हुने क्रमिक परिवर्तन, सामाजिक-सांस्कृतिक परिवर्तन तथा मानिसद्वारा निर्मित अप्राकृतिक पर्यावरणका कारणहरूबाट भएको हुन्छ। सै सन्दर्भमा जैविक विविधता सम्बन्धी विश्व सम्मेलनमा भनिएको थियो। "Biodiversity is the virility among living organizes from all sources including, inter alias terrestrial, marine and other justice, ecosystems and the ecological components of which they are part this includes diversity with in spaces between species and ecology." अर्थात, जैविक विविधता भनेको जीवित प्राणी तथा वनस्पति बीचको भिन्नता हो जुन जमिन, समुद्र तथा अन्य जल क्षेत्रको पारतन्त्र र पर्यावरणीय जटिलताबाट उत्पन्न हुन्छ, जसले जाति-जाति बीच र एकै जाति वा प्रजातिबीच र पारतन्त्रबीच विभिन्नता प्रदर्शन गर्दछ। वातावरण संरक्षण ऐन २०५३ मा जैविक विविधतालाई परिस्थितिकीय प्रणालीको विविधता, प्रजातीय विविधता र जेनेटिक (वंशाणु) विविधता सम्झनु पर्छ' भनिएको छ। त्यसैगरी संरक्षण भन्नाले 'सुरक्षा, स्याहार, संभार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोगलाई जनाउँछ भनिएको छ। अतः जैविक विविधताको संरक्षण भन्नाले परिस्थितिकीय प्रणालीमा पाइने विविधता तथा प्राणी, वनस्पति अथवा प्राकृतिक सम्पदा आदिको संरक्षणलाई जनाउँछ।

प्रकृति र जीवजन्तुको सौन्दर्यलाई वचाई राख्न जैविक विविधताको संरक्षण गर्नुपर्छ। यसको विनाशले वातावरण तथा पर्यावरणको विनासमा सघाउ पुर्‍याउँछ र विस्तारै धेरै किसिमका जीवजन्तुहरू लोप हुने अवस्थामा पुग्छन्। आजको विश्वमा जैविक विविधताको विनाश गर्ने काम सबभन्दा बढी मान्छेले नै गरेको छ र यसको संरक्षण गर्ने प्रयास पनि मान्छेबाट नै भइरहेको छ। जैविक विविधता भन्नाले पृथ्वीमा पाइने जल, स्थल, सीमसार, मरुभूमि वा हिम प्रदेशमा पाइने साना-ठूला सबैखाले जीवजन्तु तथा विरुवा,वनस्पतिहरूको जातिगत, आनुवंशिक भिन्नतालाई बुझाउूदछ। जैविक विविधता प्राणी, वनस्पति तथा सूक्ष्म जीवहरूको जाति प्रणालीमा आएको विभेद भन्ने बुझिन्छ। यो भिन्नता उनीहरूको वंशाणुगत गुणमा आउने परिवर्तन र पर्यावरणमा हुने क्रमिक परिवर्तन हो। जैविक विविधताको शाब्दीक अर्थ जीव तथा जीवजन्य र यसको विविधतालाई जनाउूछ। अतः जैविक विविधता ९द्यष्य( मष्वभचकष्तथ० भन्नाले यो पृथ्वीमा पाइने जल, स्थल वा सीमसार क्षेत्र मरुभूमि वा हिम प्रदेशमा पाइने साना-ठूला सबैखाले जीवजन्तु तथा विरुवा वनस्पतिहरूको भिन्नतालाई जैविक विविधता भनिन्छ। यस अन्तर्गत स-साना जीवदेखि लिएर भीमकाय जनावर हाती ह्वेल तथा लेउ, झ्याउदेखि लिएर ठूला-ठूला रुखहरू समेत समावेश भएका हुन्छन् र यिनीहरूको भिन्नताको समग्र रूपलाई नै जैविक विविधता भनिन्छ।

मानव जातिले यस्ता स्रोतहरूको उपयोग गर्दा वा अन्य कुनै कारणले यी जीवजन्तु तथा वनस्पतिको अस्तित्त्व संकटमा पर्न बाट जोगाउने कार्यलाई जैविक विविधता संरक्षण भनिन्छ। जैविक विविधता स्थान अनुसार फरक पर्छ। अतः कुनै एक स्थानको जैविक विविधता भन्नाले प्रति एकाई वर्गमा विद्यमान जिवाणु, वंशाणु, प्राणी र त्यहाूको परिस्थितिकीय प्रणाली (Eco-system) लाई जनाउूछ।

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा वन, वातावरण तथा जलवायु अनुकुलन अन्तर्गत चुरे तथा तराई मधेश क्षेत्रको जलचक्रलाई दिगो बनाउन पानीका स्रोत संरक्षण तथा पोखरी निर्माण, पहिरो नियन्त्रण, तटबन्ध निर्माण लगायतका क्रियाकलाप सञ्चालन गर्न करिब रु.१ अर्ब विनियोजन गरिएको छ। जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको समर्थन मूल्य निर्धारण गरी खरिद गर्ने कार्य शुरुवात गरिनुको साथै कर्णालीमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने कार्यक्रम राखिएको छ। कार्बन उत्सर्जन कटौती वापत प्राप्त लाभमा स्थानीय समुदायलाई प्राथमकिता दिइर्क्ष उत्सर्जन न्यूनीकरणका लीग नतिजामा आधारित रेडप्लस कार्यक्रम सञ्चालन गरिनुको साथै अन्तर्राष्ट्रिय जलवायु कोषको सहुलियतपूर्ण पुँजीमा निजी क्षेत्रको पहुँच पुग्ने व्यवस्था गरिने लक्ष्य राखिएको छ। डढेलो नियन्त्रणका लागि ड्रोन तथा स्याटेलाइटको उपयोग गरी रियल टाइम सूचना आदानप्रदान गर्ने नीति राखिएको छ र जोखिमयुक्त क्षेत्रमा मानव वन्यजन्तु सहअस्तित्व कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ। प्रमुख शहरहरुमा वायु प्रदूषण मापन केन्द्र र केन्द्रीय वातावरण प्रयोगशालाको स्तरोन्नति गरिनुका साथै वन, वातावरण तथा जलवायु क्षेत्रको लागि रु.१२ अर्ब ३१ करोड विनियोजन गरिएको छ।

जैविक विविधतामा आधारित वस्तुहरुको विश्व बजार ज्यादै ठूलो भएकाले नेपालले यसबाट फाइदा लिन सक्छ। औषधिजन्य बस्तुहरुको विश्व बजार ज्यादै ठूलो छ, जुन ६ सय ४० अर्ब डलरबराबर हुन आउँछ। औषधिजन्य उद्योगहरु २५-५० प्रतिशत कच्चा पदार्थ जैविक पदार्थबाट प्राप्त गर्छन्। नेपालमा विश्वको जङ्गलको शून्य दशमलव १५ प्रतिशत अंक भए पनि सम्पूण रुखविरुवाको २ दशमलव २ प्रतिशत अंश छ। यसमध्ये ७ सय प्रकारका औषधि जन्य विरुवा छन्। नेपालले वार्षिक रु.२ करोडको जडीबुटी निकासी गर्छ जुन विश्व बजारको २ प्रतिशत मात्र हुन आउँछ। यसबाट के स्पष्ट हुन्छ भने नेपालले बढी तुलनात्मक फाइदा लिन सकेको छैन। यो फाइदा प्राप्त गर्न औषधिजन्य बिरुवा तथा जडीबुटीलाई संशोधन गर्न सक्नुपर्छ। यसको प्रशोधनबाट औषधि उत्पादन हुन्छ। यसाबाट प्रतिकेजी १ दशमलव २ करोड डलरसम्म प्राप्त हुन सक्छ।

यसरी नै मदागास्कर पेरिविङ्कल नामक जडीबुटीबाट पश्चिमी देशका औषधि उप्पादकहरुले वार्षिक १० करोड डलरभन्दा बढी आम्दानी गर्छन्। नेपालको मदागास्कले केही आम्दानी गर्न सकेको छैन्। यसरी नै नेपाल भारत तथा अन्य देशमा पाइने सर्पगन्धा नामक जडीबुटीको बजार अमेरिका मात्र ४० करोड डलरको छ, जसबाट यी देशले कुनै फाइदा लिनसकेको छैन। नेपालमा मात्र १ हजारभन्दा बढी प्रकारका औषधीय विरुवा पाइन्छन्। यसलाई प्रशोधन गर्न सकेमा नेपालले पर्याप्त विदेशी मुद्रा आर्जन गर्न सक्छ।

विश्वमा मानिसले उपभोग गर्ने ९० प्रतिशत भन्दा बढी क्यालोरी ८० किसिमका वनस्पतिबाट प्राप्त हुेने गरेको छ। विश्वमा ८० प्रतिशत मानिसले औषधिको प्रारम्भिक स्रोतका रुपमा वनस्पति प्रयोग गर्ने गरेका छन्। औषधिमा ३० प्रतिशत वनस्पति तथा जीवतन्तुको प्रयोग हुने गरेको छ । त्यसैले नेपालमा जैविक विविधताको संरक्षण उचित सदुपयोग गर्न आजको आवश्यकता भएको कुरामा दुईमत छैन।

नेपालमा वन तथा जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्न अनेकौं प्रयासहरू भएका छन्। ती प्रयासमध्ये राष्ट्रिय निकुञ्ज र अन्य संरक्षित क्षेत्रहरूको स्थापना गरी व्यवस्थापन विशेष उल्लेखनीय कदमहरू हुन्। वि.सं. २०३७ मा स्थापना भएको राष्ट्रिय निकुञ्ज तथा वनयजन्तु संरक्षण विभाग अन्तर्गत रहेका राष्ट्रिय निकुन्ज तथा संरक्षित क्षेत्रहरू (मध्यवर्ती क्षेत्र समेत समावेस गर्दा) को कूल क्षेत्रफल २६,६९६ वर्ग किलोमिटरको छ। यहाँ राष्ट्रिय निकुन्ज र संरक्षित क्षेत्रका विषयमा संक्षिप्त चर्चा गर्नु उपयुक्त हुनेछ। जस्तै :- *१. शाही चितवन राष्ट्रिय निकुञ्जः २. सगरमाथा राष्ट्रिय निकुञ्ज ३. लाङटाङ राष्ट्रिय निकुञ्ज ४. शाही बर्दिया राष्ट्रिय निकुञ्ज ५. रारा राष्ट्रिय निकुञ्ज ६. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज ७. खप्तड राष्ट्रिय निकुञ्ज ८. मकालु वरुण राष्ट्रिय निकुञ्ज ९. शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष १०. कोशी टप्पु वन्यजन्तु आरक्ष ११. पर्सा वन्यजन्तु आरक्ष १२. शिवपुरी जलाधार तथा वन्य जन्तु आरक्ष १३. ढोरपाटन शिकार आरक्ष १४. अन्नपूर्ण संरक्षण क्षेत्र १५. कञ्चनजङ्घा संरक्षण क्षेत्र १६. मनास्लु संरक्षण क्षेत्र।*

नेपालमा राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभाग अन्तर्गत (क) घडियाल संरक्षण तथा पुनर्स्थापना कार्यक्रम (ख) कृष्णसार संरक्षण कार्यक्रम (ग) कस्तुरी मृग अनुसन्धान कार्यक्रम (घ) गैंडा स्थानान्तरण कार्यक्रम (ङ) मध्यवर्ती क्षेत्र कार्यक्रम (च) सामुदायिक स्वास्थ्य सेवा कार्यक्रम आदि सञ्चालन गरिएका छन्। स्थानीय जनता र निकुञ्ज सम्बन्धी आयोजना बर्दिया एकीकृत संरक्षण आयोजना पनि सञ्चालन गरिएका छन्।

जैविक विविधता ह्रास हुनाका कारणहरूमा जनसंख्या वृद्धि, गरिबी र शहरीकरण।

★ वन विनास, अवैध शिकार र चोरी निकासी।

★ अप्राकृतिक रूपमा प्रयोग हुने रासायनिक मल, कीटनाशक औषधिको प्रयोग।

★ कानून तथा नीति नियमको फितलो कार्यान्वयन।

★ जैविक स्रोतको अध्ययन-अनुसन्धान तथा संरक्षण अवधारणाको विकासको अभाव।

★ औद्योगिकरण, मौसम परिवर्तन।

★ प्राकृतिक रूपमा हुने प्रकोपहरू (बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि आदि)। संरक्षणको अभाव तथा वन विनासको फलस्वरूप नेपालमा तीन प्रजातिका सरिसृप, ९ प्रजातिका चराहरू र २६ प्रजातिका स्तनधारीहरू लोप हुने स्थितिमा छन्।

पृथ्वी सम्मेलनमा ब्राजिलको रियो दि जेनेरियोमा र अन्तर्राष्ट्रिय स्तरमा जैविक विविधता महासन्धिमा जुन १२, १९९२ मा नेपालले हस्ताक्षर गरेको थियो। यो सन्धि नेपालमा सन् १९९४ फेब्रुअरी २१ नेपाल जैविक विविधता रणनीति-२००२, जैविक विविधता रणनीति कार्यान्वयन योजना (सन् २००६-२०१०), नेपाल जैविक विविधता रणनीति तथा कार्य योजना (सन् २०१४-२०२०) स्वीकृत तथा लागू भइसकेको छ। हाल रणनीति तथा कार्ययोजनाको समयावधि समाप्त भइसकेको र नयाँ रणनीति तथा कार्ययोजना तयार भए पनि स्वीकृत भई लागू भएको देखिँदैन। यसैबीच जैविक विविधता अभिलेखीकरणका लागि वि.सं. २०६० बैशाख २ गते 'जैविक विविधताको अभिलेख तयार गर्ने प्रक्रिया, २०६०' स्वीकृत गरी केही स्थानमा अभिलेखीकरण प्रक्रिया थालनी गरे पनि कानूनी मान्यता हालसम्म पनि पाएको छैन।

नेपालमा जैविक विविधता फोकल प्वाइन्टका रूपमा वन तथा वातावरण मन्त्रालय, वातावरण तथा जैविक विविधता महाशाखा रहेको पाइन्छ। जैविक विविधताजस्ता विश्वको साझा सम्पत्तिको संरक्षणमा विश्वव्यापी एकबद्धता पनि रहेको पाइन्छ। सन् १९९३ देखि डिसेम्बर २९ का दिन यो दिवस मनाउँदै गरेकोमा सन् २००० देखि मे २२ मा मनाउने संयुक्त राष्ट्रसंघले निर्णय गरेको छ। शैक्षिक कार्यक्रम, सामुदायिक कार्यक्रम, डिजिटल अभियान, नीति फीरममा बहस तथा वकालतजस्ता कार्यक्रममार्फत जैविक विविधता संरक्षणका लागि सचेतना कार्यक्रम समावेश गर्ने गरिएको छ। नेपालको जैविक विविधता संरक्षणका लागि संयुक्त राष्ट्रसंघको पनि भूमिका रहेको र नेपालले विश्व जगत्बाट थप आर्थिक सहयोगको अपेक्षा गर्नु स्वाभाविकै हो।

नेपालमा करिब दुई तिहाइ जनसंख्या कृषि क्षेत्रमा निर्भर छ। कृषि मुख्यतः वर्षामा आधारित भएकाले मौसममा हुने सामान्य परिवर्तनले पनि उत्पादनमा ठूलो असर पार्छ। तापक्रम वृद्धि, अनियमित वर्षा र खडेरीका कारण खाद्य सुरक्षामा चुनौती थपिएको छ। चुनौतीहरूका बाबजुद नेपालमा जलवायु अनुकूलनका धैरै सम्भावनाहरू नभएका भने



**-गम्भीर बहादुर हाडा**
**अधिवक्ता तथा सह-प्राध्यापक, अर्थशास्त्र**
**भक्तपुर बहुमुखी क्याम्पस (अवकाशप्राप्त)**


होएनन्। नेपालले जलस्रोत, वन र जैविक विविधता अनुकूलनका लागि उपयोगी गराउन सक्ने प्रशस्त आधार छन्। त्यस्तै, जलविद्युत्, सौर्य ऊर्जाजस्ता स्रोतहरूको ठूलो सम्भावना देखिन्छ भने परम्परागत ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्नुपर्छ।

आर्थिक सर्वेक्षण २०८२/८३ मा उल्लेख गरिए अनुसार यस आर्थिक वर्षमा नेपालको कुल भूभागमध्ये ३४ हजार ४ सय २० वर्ग कि.मि.संरक्षित क्षेत्रको रुपमा रहेको छ। यो कुल भू-भागको २३.४ प्रतिशत हो। ११ वन संरक्षण क्षेत्र अन्तर्गत हालसम्म १ लाख ९४ हजार १ सय ५६ हेक्टर वन क्षेत्र व्यवस्थापन भएको छ। नेपालमा हालसम्म करिब ३० हजार वनसूपति तथा जीवजन्तुका प्रजातिको अभिलेख भएको छ। हालसम्म अभिलेख भएका जीवजन्तुका प्रजातिमध्ये २१२ स्तनधारी, ८९२ पन्छी, ११७ उभयचर, १२३ सरिसृप र २३२ माछा रहेका छन्। नेपालमा अतिसंकटापन्न अवस्थामा रहेको कृष्णसारको सङ्ख्या सन् २०२२ मा ३७५ रहेकोमा १३२ थप भई सन् २०२४ मा ५०७ पुगेको छ।

नेपालमा जैविक विविधताको समस्या तथा चुनौतीलाई निराकरण गर्न उपयुक्त सुझावहरूमा संरक्षणका राष्ट्रिय नीतिहरूलाई स्थानीय परम्परा र आवश्यकतासूग आवद्ध गर्नको लागि पनि विशेष प्रयास हुनुपर्ने देखिन्छ। तराईंका थारु, धिमाल, बोटे आदि जनसमुदायका माछा मार्ने परम्परागत संस्कृतिलाई नीतिगत रूपमा प्रयोग गर्न मिल्दछ भन्ने कुरामा ध्यान दिनु आवश्यक हुन्छ। शिक्षा र तालिमका विषयहरू आफ्नो ठाउू सुहाउूदा मातृ भाषा सुहाउूदा तथा प्रकृतिसम्मत हुनु पर्ने हुन्छ। श्रव्य दृश्यको सामग्रीहरू, स्थलगत भ्रमणहरू तथा सूचना केन्द्रहरूको व्यवस्था यिनका लागि आवश्यक हुन्छन्। संरक्षित क्षेत्रहरू आफैंमा शैक्षिक स्थल हुन्। यस्ता संरक्षित क्षेत्रका बारेमा आधारभूत जानकरी सरल र सुलभ हुनु जरुरी देखिन आउूछ। यसको साथसाथै जैविक विविधताको प्रयोगबाट भविष्यमा अधिक फाइदा उठाउन चिडिया घरहरू, वनस्पति उद्यानहरू, कृषि प्रयोगशालाहरूलाई विशेष सुदृढीकरण गरी वैज्ञानिक र प्राविधिक क्षमतालाई उच्च राख्नु अत्यावश्यक भइसकेको छ। वातावरणीय मूल्यांकन, जैविक विविधता र परिस्थितिकीय प्रणालीको अन्तरसम्बन्ध र गतिशीलताकाबारेमा लक्षित समुदाय वा सरोकारवालाहरूको ज्ञान वा सीपमा क्रमशः अभिवृद्धि गर्दै लैजानु पर्ने आजको प्रमुख दायित्व हुन पुगेको छ। यसका लागि सरकार मात्र होइन, अन्य गैर सरकारी लगायतका यावत संयन्त्रले अहम भूमिका खेलिरहेका छन् र खेल्नुपर्दछ। नेपालमा जैविक खोजको कार्य असंगठित रूपमा भई रहेको छ। यस्ता खोज कार्यलाई औपचारिकता प्रदान गरी त्यसको व्यापारिक प्रयोगबाट हुने फाइदालाई रैथाने वा स्थानीय समुदायसूग समानुपातिक ढंगले बाूडफाूड गर्नका लागि उचित नीतिको तर्जुमा गरिनुपर्दछ। नेपालमा हालसम्म तयार नगरिएको रैथाने र स्थानीय वासिन्दाहरूको अधिकार सम्बन्धी कानूनको पनि तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको पाइन्छ। नेपालमा जनसंख्याको बढ्दो चाप तथा इन्धनको स्रोतको कमीले गर्दा खाना पकाउनका लागि परम्परागत रूपले काठ-दाउराको प्रयोग नै भइरहेको छ। नेपालमा इन्धनको प्रमुख स्रोतको रूपमा काठदाउरा ६८ प्रतिशत रहेको छ। इन्धनको खर्च घटाउनको निमित गाउूगाउूमा सुधारिएको चुलोको साथै सौर्य शक्तिको प्रयोगलाई अभियानको रूपमा चलाउनु आजको आवश्यकता हो।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# सडक निर्माणमा नयाँ मोडल अपनाउने कि ?



स्पन्दन भट्टराई

नेपालमा सडक विकासको कुरा उठ्नेबित्तिकै सरकारको बजेट, ठेक्का, निर्माणको ढिलाइ र गुणस्तरको प्रश्न अगाडि आउँछ। हरेक वर्ष ठूलो रकम सडकमा खर्च हुन्छ, नयाँ आयोजना घोषणा हुन्छन्, कतिपय सडक निर्माण पनि हुन्छन्। सडकको आवश्यकता भने त्यसको तुलनामा अझ तीव्र गतिमा बढिरहेको छ। एउटा सडक निर्माण सम्पन्न नहुँदै अर्को सडकको माग उठ्छ। बनेका सडकको मर्मतसम्भारका लागि पनि नियमित स्रोत चाहिन्छ। यसरी हेर्दा सडक निर्माण र व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी राज्यकै बजेटमा सीमित राखेर नेपालले आवश्यक गतिमा पूर्वाधार विकास गर्न सक्ने अवस्था कमजोर देखिन्छ।

यही कारण अब सडक निर्माणमा निजी क्षेत्रको पूँजी, प्रविधि र व्यवस्थापनलाई जोड्ने विषयमा गम्भीर बहस आवश्यक भएको छ। विश्वका विभिन्न मुलुकमा निजी लगानीमा सडक, सुरुङ तथा पुल निर्माण गर्ने, निश्चित अवधिसम्म त्यसको सञ्चालन तथा मर्मत गर्ने र सडक प्रयोग गर्ने सवारीसाधनबाट शुल्क उठाएर लगानीको प्रतिफल प्राप्त गर्ने अभ्यास छ। भारतमा पछिल्ला वर्ष सडक पूर्वाधारलाई तीव्रता दिन यस्तै अवधारणालाई विभिन्न स्वरूपमा अघि बढाइएको छ। भारतीय सडक विकासमा नितिन गडकरीले निजी लगानी, सडकको व्यावसायिक सञ्चालन र वैकल्पिक वित्तीय व्यवस्थालाई जोड दिँदै आएको कारण नेपालमा यस्तो अवधारणालाई सामान्यतया 'गडकरी मोडल' भनेर चर्चा गर्ने गरिएको छ। यसलाई कुनै व्यक्तिको नाममा सीमित गर्नुभन्दा सरकार र निजी क्षेत्र मिलेर पूर्वाधार निर्माण गर्ने व्यापक अवधारणाका रूपमा बुझ्नु बढी उपयुक्त हुन्छ।

नेपालका लागि पनि यस्तो अभ्यास असान्दर्भिक छैन। बरु सडक निर्माणमा देखिएको स्रोतको अभाव, आयोजना सम्पन्न हुन लाग्ने लामो समय र मर्मतसम्भारको कमजोर अवस्थालाई हेर्दा यसतर्फ व्यवस्थित ढंगले अघि बढ्ने समय आएको भन्न सकिन्छ।

*सरकारको बजेटले मात्रै कति धान्ला ?*

सडक भनेको एकपटक बनाएर सकिने पूर्वाधार होइन। सडक बनाउन ठूलो रकम चाहिन्छ, त्यसपछि पुल, कल्भर्ट, सुरुङ, ढल निकास, पहिरो नियन्त्रण, सडक सुरक्षा, बत्ती, संकेत र नियमित मर्मतमा पनि निरन्तर खर्च भइरहन्छ। सडक पुरानो हुँदै जाँदा पुनः निर्माण वा स्तरोन्नतिको आवश्यकता पर्छ।

नेपालको जस्तो भौगोलिक कठिनाइ भएको मुलुकमा सडक निर्माणको लागत झन् महँगो हुन्छ। पहाडमा सडक बनाउँदा चट्टान काट्नुपर्छ, पहिरो नियन्त्रण गर्नुपर्छ, नदीमा पुल हाल्नुपर्छ र कतिपय ठाउँमा सुरुङ निर्माण गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा राज्यको वार्षिक बजेटबाट मात्रै सबै आवश्यकता पूरा गर्न खोज्दा एउटा आयोजना पूरा गर्न वर्षौं लाग्ने र त्यसबीचमा लागतसमेत बढ्दै जाने अवस्था देखिन्छ।

त्यसैले प्रश्न उठ्छ कि सरकारसँग पैसा सीमित छ भने निजी क्षेत्रको पूँजीलाई राष्ट्रिय पूर्वाधार निर्माणमा किन प्रयोग नगर्ने ? यही प्रश्नको उत्तर सार्वजनिक-निजी साझेदारीमा खोज्न सकिन्छ।

निजी कम्पनीले आफ्नो पूँजी लगानी गरेर सडक निर्माण गर्ने, निश्चित अवधिसम्म सञ्चालन तथा मर्मत गर्ने र सडक प्रयोग गरेबापत सवारीधनीबाट तोकिएको शुल्क उठाउने व्यवस्था गर्न सकिन्छ। निश्चित अवधि पूरा भएपछि सडक सरकारलाई हस्तान्तरण गर्न सकिन्छ। यस्तो अवधारणाले राज्यलाई तत्कालै सम्पूर्ण निर्माण लागत व्यहोर्नुपर्ने दबाब घटाउन सक्छ।

यसको अर्थ सरकारले सडक निजी कम्पनीलाई बेचिदिने भन्ने होइन। सडकको स्वामित्व सार्वजनिक नै रहन सक्छ। निजी क्षेत्रलाई निश्चित समयका लागि निर्माण, सञ्चालन र लगानी फिर्ताको अधिकार मात्र दिन सकिन्छ।

*हरेक सडकमा एउटै सूत्र चल्दैन*

नेपालले यस विषयमा सबैभन्दा पहिले बुझ्नुपर्ने कुरा यही हो कि हरेक सडकमा टोल उठाएर निजी लगानी भित्र्याउन सकिँदैन। काठमाडौं-पोखरा जस्तो उच्च सवारी चाप भएको मार्ग, ठूला औद्योगिक करिडोर, व्यापारिक नाका जोड्ने सडक, पर्यटकीय क्षेत्रसम्म पुग्ने प्रमुख मार्ग अथवा नयाँ एक्सप्रेसवेमा निजी लगानीको सम्भावना हुन सक्छ। त्यस्ता सडकमा पर्याप्त सवारी आवागमन हुने भएकाले शुल्कबाट लगानी फिर्ता गर्ने आधार बन्न सक्छ।

कुनै दुर्गम गाउँलाई जिल्ला सदरमुकामसँग जोड्ने सडकमा त्यही प्रणाली लागू गर्न खोजियो भने समस्या आउन सक्छ। त्यहाँ सवारीको संख्या कम हुन सक्छ र उठ्ने शुल्कले निर्माणमा भएको लगानी धान्न नसक्न सक्छ। त्यसैले सडकलाई आर्थिक सम्भावना, सवारी चाप, रणनीतिक महत्व र सामाजिक लाभका आधारमा छुट्याउन आवश्यक छ। व्यावसायिक रूपमा सम्भव आयोजना निजी क्षेत्रलाई, सामाजिक आवश्यकता बढी भएका तर आर्थिक प्रतिफल कम भएका आयोजना सरकारलाई र दुवै पक्षको मिश्रित आवश्यकता भएका आयोजना साझेदारी मोडलमा लैजान सकिन्छ।

यसमा भारतको अनुभव नेपालका लागि उपयोगी हुन सक्छ। त्यहाँ सडकको प्रकृति र जोखिम हेरेर निजी क्षेत्रले टोल उठाउने, सरकार र निजी क्षेत्रले लगानी तथा जोखिम बाँड्ने अथवा निर्माणपछि सञ्चालनको अधिकार हस्तान्तरण गर्ने जस्ता फरक प्रणाली प्रयोग गरिएका छन्। नेपालले पनि त्यहाँको कुनै एउटा मोडल जस्ताको तस्तै ल्याउनेभन्दा आफ्नो भूगोल, सवारी चाप र आर्थिक क्षमताअनुसार प्रणाली विकास गर्नुपर्छ।

*टोल तिर्ने जनताको मनोविज्ञान*

यो प्रश्न पनि स्वाभाविक हो। नेपाली नागरिकले अहिले पनि विभिन्न नाममा कर तथा शुल्क तिर्दै आएका छन्। त्यसमा फेरि सडक प्रयोग गरेबापत टोल उठाउँदा जनताले अतिरिक्त भार महसुस गर्न सक्छन्। टोल आफैंमा गलत कुरा होइन। टोल तिरेपछि नागरिकले के पाउँछन् भन्ने प्रश्न भने उठ्ने देखिन्छ।

यदि अहिले कुनै सडकमा आठ घण्टा लाग्ने यात्रा राम्रो सडक, पुल वा सुरुङका कारण दुई-तीन घण्टामा पूरा हुन्छ, सवारीसाधनको क्षति कम हुन्छ, इन्धन बचत हुन्छ र यात्रा सुरक्षित हुन्छ भने उचित शुल्क तिर्न नागरिक तयार हुन सक्छन्। समस्या त्यतिबेला हुन्छ, जब कमजोर सडकमा पनि शुल्क उठाइन्छ र सेवाको गुणस्तरमा सुधार हुँदैन।

त्यसैले नेपालमा टोल प्रणाली शुरु गर्दा 'पहिले शुल्क, पछि सेवा' होइन, 'गुणस्तरीय सेवा र त्यसबापत उचित शुल्क' भन्ने मान्यता स्थापित गर्नुपर्छ। टोल कति हुने, कति वर्षसम्म उठाउने, कुन सवारीलाई कति छुट दिने, स्थानीय नागरिकलाई के सुविधा हुने र लगानीको प्रतिफल पूरा भएपछि शुल्कको अवस्था के हुने भन्ने कुरा सुरुदेखि नै स्पष्ट हुनुपर्छ।

*सरकार बलियो हुनुपर्छ*

सडक निर्माणमा निजी लगानी ल्याउनु भनेको सरकार आफ्नो जिम्मेवारीबाट पन्छिनु होइन। बरु यस्तो अवस्थामा सरकारको भूमिका अझ महत्वपूर्ण हुन्छ। निजी कम्पनीले स्वाभाविक रूपमा नाफा खोज्छ। राज्यले भने नागरिकको हित हेर्नुपर्छ। यी दुई उद्देश्यबीच सन्तुलन कायम गर्न बलियो नियमन आवश्यक हुन्छ।

उदाहरणका लागि निजी कम्पनीले सडक बनाएपछि सम्झौतामा तोकिएको स्तरअनुसार मर्मत नगरेमा के हुने ? सडक बिग्रिए पनि टोल उठाइरहन पाउने कि नपाउने ? अनुमानभन्दा धेरै आम्दानी भयो भने सम्झौताको अवधि घट्ने कि नघट्ने ? सवारीको संख्या अपेक्षाभन्दा कम भयो भने जोखिम कसले लिने ? निर्माण लागत बढेमा त्यसको भार कसले व्यहोर्ने ? यी प्रश्नको उत्तर सम्झौता गर्नुअघि नै खोजिनुपर्छ।

अझ महत्वपूर्ण कुरा, यस्ता आयोजना छनोट र लगानीकर्ता छनोटमा पारदर्शिता हुनुपर्छ। सडक निर्माणको नाममा राज्यले निजी कम्पनीलाई अनावश्यक सुविधा दिने र नागरिकलाई दीर्घकालसम्म महँगो शुल्क तिर्नुपर्ने अवस्था आयो भने यस्तो मोडलप्रति जनविश्वास रहँदैन। त्यसैले निजी लगानी चाहिन्छ, तर निजी स्वार्थभन्दा माथि सार्वजनिक हित राख्ने सम्झौता चाहिन्छ।

*सडकसँगै अर्थतन्त्र चलायमान*

सडकलाई केवल गाडी गुड्ने संरचनाका रूपमा हेर्नु पनि गलत हुन्छ। राम्रो सडक बनेपछि त्यसले वरिपरिको अर्थतन्त्र बदल्न सक्छ। किसानको उत्पादन बजारसम्म छिटो पुग्छ, पर्यटन व्यवसाय विस्तार हुन्छ, उद्योगको ढुवानी खर्च घट्छ, नयाँ बस्ती र बजार विकास हुन्छन् र रोजगारीका अवसर बढ्छन्।

यसकारण सडकबाट उठ्ने टोल मात्र त्यसको आर्थिक प्रतिफल होइन। सडकका कारण उत्पन्न हुने समग्र आर्थिक गतिविधिलाई पनि मूल्यांकन गर्नुपर्छ। नेपालले यही पक्षलाई ध्यानमा राखेर सडक आयोजनाको आर्थिक सम्भाव्यता अध्ययन गर्नुपर्छ। कुन सडकबाट प्रत्यक्ष आम्दानी हुन्छ र कुन सडकबाट अप्रत्यक्ष रूपमा ठूलो आर्थिक लाभ हुन्छ भन्ने छुट्याउन सके निजी लगानीलाई आकर्षित गर्ने आधार बलियो बन्न सक्छ।

कतिपय सडकमा टोलबाट उठ्ने रकमले मात्रै लगानी फिर्ता नहुने भए सरकारले केही हिस्सा लगानी गर्न सक्छ। निजी क्षेत्रले बाँकी रकम जुटाउन सक्छ। यसरी जोखिम बाँडफाँट गर्ने मिश्रित प्रणाली पनि नेपालका लागि उपयोगी हुन सक्छ।

*अब प्रयोगबाट सिक्ने बेला*

नेपालमा सार्वजनिक-निजी साझेदारीको कानूनी आधार नभएको होइन। समस्या धेरै हदसम्म कार्यान्वयन, आयोजना छनोट, सम्झौता व्यवस्थापन र लगानीकर्ताको विश्वाससँग जोडिएको छ।

अब सरकारले 'निजी क्षेत्रलाई सडक बनाउन दिने कि नदिने' भन्ने पुरानो प्रश्नमा अल्झिनुभन्दा कुन सडकमा कुन मोडल सबैभन्दा उपयुक्त हुन्छ ? भन्ने प्रश्नबाट बहस शुरु गर्नुपर्छ। पहिलो चरणमा केही सम्भावनायुक्त सडक पहिचान गरेर प्रतिस्पर्धात्मक प्रक्रियाबाट निजी लगानीकर्ता छनोट गर्न सकिन्छ। त्यस्ता आयोजनामा निर्माणको गुणस्तर, समयसीमा, टोल दर, मर्मतसम्भार र लगानी फिर्ताको अवधि स्पष्ट गर्न सकिन्छ। एउटा-दुईवटा परियोजनाको अनुभवबाट सिक्दै प्रणाली विस्तार गर्न सकिन्छ।

सफल भयो भने यसले सरकारको सीमित बजेटलाई अन्य सामाजिक क्षेत्रतर्फ परिचालन गर्ने अवसर पनि दिन्छ। सरकारले प्रत्येक सडकमा आफ्नो सम्पूर्ण पूँजी बाँध्नुपर्दैन। शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सामाजिक सुरक्षा जस्ता क्षेत्रमा स्रोत बढाउन सकिन्छ। निजी क्षेत्रले पूर्वाधारमा लगानी गर्ने र सरकारले नियमन तथा सार्वजनिक सेवाका क्षेत्रमा आफ्नो भूमिका बलियो बनाउने वातावरण बन्न सक्छ।

एउटा कुरा भने स्पष्ट हुनुपर्छ कि नेपालले भारतको 'गडकरी मोडल' भनेर सुनिएको अवधारणाको नाम मात्र अनुकरण गरेर हुँदैन। त्यसको पछाडि रहेको सोच बुझ्नुपर्छ। त्यो सोच के हो भने ठूला पूर्वाधारका लागि वैकल्पिक स्रोत खोज्ने, निजी पूँजी परिचालन गर्ने, निर्माणसँगै मर्मतसम्भारलाई जोड्ने र सडकलाई दीर्घकालीन आर्थिक पूर्वाधारका रूपमा हेर्ने।

नेपालका लागि पनि यही सोच आवश्यक छ। सरकारसँग पैसा कम छ भन्दै सडक निर्माण रोकिनु हुँदैन। निजी क्षेत्रसँग पैसा छ भन्दै सार्वजनिक हित कमजोर हुनु पनि हुँदैन। यी दुईबीचको सन्तुलन नै सफलताको आधार बन्न सक्छ। सडक सरकारको सम्पत्ति हो, निजी क्षेत्र त्यसको साझेदार हुन सक्छ। जनताले टोल तिर्न सक्छन्, तर त्यसको बदलामा समय, सुरक्षा र गुणस्तरीय सेवा पाउनुपर्छ। निजी क्षेत्रले नाफा कमाउन सक्छ, तर त्यससँगै निश्चित स्तरको सेवा दिने जिम्मेवारी पनि लिनुपर्छ।

यदि नेपालले यही सन्तुलन कायम गर्न सक्यो भने टोल उठाउने सडक केवल शुल्क असुल्ने अर्को माध्यम बन्ने छैन। त्यो सरकारी बजेटको भार घटाउँदै निजी पूँजीलाई राष्ट्रिय विकासमा जोड्ने नयाँ आर्थिक बाटो बन्न सक्छ।

अब प्रश्न 'नेपालमा निजी लगानीमा सडक बनाउन मिल्छ कि मिल्दैन ?' भन्ने होइन। वास्तविक प्रश्न के हो भने कुन सडक, कुन क्षेत्रमा, कस्तो सम्झौतामा र कसरी जनताको हित सुरक्षित गर्दै निजी लगानी भित्र्याउने ? भन्ने हो। त्यसको इमानदार उत्तर खोज्न सकियो भने नेपालमा सडक विकासको गति बदलिन सक्छ।

# साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**)

यो साता मेष राशिका लागि उत्साह र आत्मविश्वास बढ्ने समय छ। रोकिएका कामलाई अघि बढाउने अवसर मिल्नेछ। व्यापार-व्यवसायमा नयाँ योजना बनाउन सकिनेछ भने जागिरेका लागि जिम्मेवारी बढ्न सक्छ। आर्थिक पक्षमा आम्दानीको बाटो खुल्ने भए पनि अनावश्यक खर्चप्रति सचेत रहनु राम्रो हुनेछ। परिवारमा सामान्य मतभेद भए पनि संवादबाट समाधान हुनेछ। प्रेमसम्बन्धमा विश्वास बढ्नेछ। स्वास्थ्यमा थकान र निद्राको कमी देखिन सक्ने भएकाले आराममा ध्यान दिनुहोस्।

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**)

वृष राशिका लागि यो साता धैर्य र योजनाबद्ध कामले राम्रो परिणाम दिनेछ। आर्थिक क्षेत्रमा पहिले गरेको लगानी वा मेहनतबाट लाभ मिल्ने सम्भावना छ। नयाँ काम सुरु गर्नुभन्दा त्यसको सम्भावित पक्ष राम्ररी अध्ययन गर्नु उचित हुनेछ। पारिवारिक जिम्मेवारी बढ्न सक्छ। वैदेशिक काम वा यात्रासम्बन्धी प्रयासमा सकारात्मक खबर आउन सक्छ। प्रेममा अनावश्यक शंका नगर्नुहोस्। स्वास्थ्य सामान्य रहनेछ, तर खानपानमा लापरबाही नगर्नु राम्रो।

**मिथुन** (**का, कि, कु, घ, ङ, छ, के, को, हा**)

बौद्धिक क्षमता र सञ्चारकौशलको राम्रो उपयोग गर्न सकिने साता हो। नयाँ व्यक्तिसँगको भेटघाटले भविष्यमा उपयोगी सम्बन्ध निर्माण गर्न सक्छ। काममा जिम्मेवारी थपिए पनि त्यसलाई अवसरका रूपमा लिनुहोस्। आर्थिक कारोबार गर्दा कागजी प्रक्रिया पूरा गरेर मात्र अघि बढ्नु राम्रो हुनेछ। परिवारका सदस्यबाट सहयोग प्राप्त हुनेछ। प्रेममा पुरानो असमझदारी हट्ने सम्भावना छ। यात्राका क्रममा सावधानी अपनाउनुहोस्।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**)

मनमा रहेका केही अन्योल हट्दै जानेछन्। काममा नयाँ जिम्मेवारी आउन सक्छ र आफ्नो क्षमता देखाउने अवसर मिल्नेछ। आर्थिक अवस्था विस्तारै सुधारोन्मुख भए पनि ठूलो जोखिम लिन उपयुक्त समय होइन। परिवारमा ज्येष्ठ व्यक्तिको सल्लाह उपयोगी हुनेछ। प्रेमसम्बन्धमा आत्मीयता बढ्नेछ। लामो समयदेखि रोकिएको भेटघाट हुन सक्छ। स्वास्थ्यका दृष्टिले मानसिक तनाव कम गर्न पर्याप्त आराम र सकारात्मक सोच आवश्यक देखिन्छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**)

सिंह राशिका लागि यो साता आत्मविश्वासका साथ अघि बढ्ने समय हो। नेतृत्वदायी भूमिका पाउने सम्भावना छ। कार्यक्षेत्रमा तपाईंको निर्णय क्षमताको प्रशंसा हुन सक्छ। व्यापारमा नयाँ ग्राहक वा नयाँ अवसर प्राप्त हुन सक्छ। आर्थिक लाभ भए पनि प्रतिष्ठा देखाउन गरिने खर्चले समस्या ल्याउन सक्छ। प्रेममा आकर्षण बढ्नेछ। परिवारमा आफ्नो विचार मात्र सही ठान्नुभन्दा अरूको कुरा पनि सुन्नु लाभदायक हुनेछ। स्वास्थ्यमा रक्तचाप तथा तनावप्रति सजग रहनुहोस्।

**कन्या** (**टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**)

मेहनतअनुसार परिणाम प्राप्त गर्ने समय छ। अध्ययन, अनुसन्धान, लेखन वा सिर्जनात्मक क्षेत्रमा लागेकालाई राम्रो प्रगति हुन सक्छ। जागिरमा जिम्मेवारी थपिए पनि त्यसले भविष्यमा फाइदा दिनेछ। आर्थिक कारोबारमा पुरानो रकम प्राप्त हुने सम्भावना छ। परिवारमा खुसीको वातावरण बन्न सक्छ। प्रेमसम्बन्धमा भावनात्मक कुरा गर्दा हतार नगर्नुहोस्। स्वास्थ्य सामान्य रहनेछ, तर पेटसम्बन्धी समस्याबाट बच्न खानपानमा ध्यान दिनुहोस्।

**तुला** (**रा, रि, रु, रे, रो, ता, ति, तु, ते**)

सम्बन्ध विस्तार र सहकार्यका लागि अनुकूल साता हो। तपाईंको व्यवहारबाट नयाँ अवसर सिर्जना हुन सक्छ। साझेदारीमा काम गर्नेहरूले पारदर्शिता कायम गर्नु आवश्यक छ। आर्थिक पक्षमा मध्यम सुधार हुनेछ, तर अरूको भरमा ठूलो लगानी नगर्नु राम्रो। परिवारमा लामो समयदेखि रहेको विवाद समाधानतर्फ जानेछ। प्रेममा मिठास बढ्नेछ। यात्राको सम्भावना छ। मानसिक शान्तिका लागि केही समय एकान्तमा बिताउनु उपयोगी हुनेछ।

**वृश्चिक** (**तो, ना, नि, नु, ने, नो, या, यि, यु**)

महत्त्वपूर्ण निर्णय लिनुपर्ने अवस्था आउन सक्छ। भावनामा भन्दा तथ्य र व्यवहारिक पक्षलाई आधार बनाएर निर्णय गर्नु राम्रो हुनेछ। काममा प्रतिस्पर्धा बढे पनि तपाईंले आफ्नो क्षमता प्रमाणित गर्न सक्नुहुनेछ। आर्थिक क्षेत्रमा सावधानी आवश्यक छ; ऋण वा ठूलो लगानी गर्दा सोचविचार गर्नुहोस्। परिवारका सदस्यसँग आत्मीयता बढ्नेछ। प्रेममा पुरानो कुरा उठाएर विवाद नगर्नुहोस्। स्वास्थ्यमा शरीर दुख्ने वा थकान महसुस हुन सक्छ।

**धनु** (**ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**)

नयाँ अवसरको खोजीमा रहेका धनु राशिका व्यक्तिका लागि साता उत्साहजनक रहनेछ। अध्ययन, तालिम, वैदेशिक यात्रा वा नयाँ सीप सिक्ने काममा सफलता मिल्न सक्छ। व्यापारमा विस्तारको सम्भावना छ। आर्थिक लाभ भए पनि भविष्यका लागि केही रकम बचत गर्नु बुद्धिमानी हुनेछ। प्रेममा नयाँ सम्बन्ध सुरु हुन सक्छ। परिवारबाट राम्रो सहयोग मिल्नेछ। स्वास्थ्यमा नियमित व्यायाम र पर्याप्त पानी पिउने बानी लाभदायक हुनेछ।

**मकर** (**भो, जा, जि, खि, खु, खे, खो, गा, गि**)

मकर राशिका लागि जिम्मेवारी र परिश्रमको साता हो। तत्काल ठूलो परिणाम नआए पनि निरन्तर प्रयासले भविष्यमा राम्रो उपलब्धि दिलाउनेछ। कार्यक्षेत्रमा वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ। आर्थिक रूपमा खर्च बढ्न सक्ने भएकाले बजेट बनाएर अघि बढ्नुहोस्। घरपरिवारका विषयमा समय दिनुपर्नेछ। प्रेमसम्बन्धमा आफ्नो व्यस्तताका कारण दूरी नबढोस् भन्ने कुरामा ध्यान दिनुहोस्। स्वास्थ्यमा निद्रा र आरामलाई प्राथमिकता दिनुहोस्।

**कुम्भ** (**गु, गे, गो, सा, सि, सु, से, सो, दा**)

नयाँ सोच र योजनालाई व्यवहारमा उतार्ने अवसर मिल्नेछ। सामाजिक तथा व्यावसायिक क्षेत्रमा तपाईंको सम्पर्क बढ्नेछ। पहिलेको मेहनतबाट लाभ प्राप्त हुन सक्छ। जागिर परिवर्तन वा नयाँ कामको खोजीमा रहेकालाई सकारात्मक संकेत देखिन्छ। आर्थिक कारोबारमा कागजात राम्रोसँग हेरेर मात्र हस्ताक्षर गर्नुहोस्। परिवारमा खुसीको खबर आउन सक्छ। प्रेममा समझदारी बढ्नेछ। स्वास्थ्य सामान्य रहनेछ, तर अत्यधिक तनावबाट बच्नुहोस्।

**मीन** (**दि, दु, थ, झ, ञ, दे, दो, च, चि**)

मीन राशिका लागि यो साता भावनात्मक रूपमा संवेदनशील भए पनि उपलब्धिमूलक रहनेछ। अधुरा काम पूरा गर्ने अवसर मिल्नेछ। सिर्जनात्मक काम तथा सामाजिक क्षेत्रमा सक्रिय व्यक्तिले प्रशंसा पाउनेछन्। आर्थिक क्षेत्रमा अपेक्षाभन्दा राम्रो लाभ मिल्न सक्छ, तर अरूको विश्वासमा मात्र कारोबार नगर्नुहोस्। परिवारमा शुभकार्यको चर्चा हुन सक्छ। प्रेममा आत्मीयता बढ्नेछ। स्वास्थ्यका लागि नियमित दिनचर्या, पर्याप्त निद्रा र सकारात्मक सोच आवश्यक हुनेछ।

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :

- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८

क्रियटिभ सेन्टर नेपाल प्रा.लि.

काठमाडौं–११

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी

तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिएर सहकार्य गर्न सक्नुहुनेछ। त्यसका लागि

सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)
इन्टरनेशनल स्टुडेट्न्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल
काठमाडौं–११, बबरमहल

# दुई वर्षको सपना बोकेर पोर्चुगल पुगेपछि

टी.आर.निरौला

विदेश जाने निर्णय गर्दा मेरो मनमा पोर्चुगल एउटा देश मात्र थिएन, त्यो घरको बदलिँदो भविष्यको एउटा सम्भावना थियो। नेपालमा बसेर धेरैपटक सोचें– दुई वर्ष काम गर्छु, केही पैसा जम्मा गर्छु, घरको ऋण तिर्छु, परिवारको आवश्यकता पूरा गर्छु अनि फर्किन्छु। त्यतिबेला दुई वर्ष धेरै लामो समयजस्तो लाग्थ्यो। विदेश पुगेपछि थाहा भयो, क्यालेन्डरमा दुई वर्ष र परिवारबाट टाढा बसेर बिताइने दुई वर्ष एउटै हुँदैन रहेछ।

पोर्चुगल पुग्दा पहिलोपटक देखेको युरोप मेरो कल्पनाभन्दा फरक थियो। सफा सडक, व्यवस्थित यातायात, पुराना भवन, समुद्रको किनार र शान्त देखिने शहरले मन लोभ्याउँथ्यो। पर्यटक भएर हेर्दा देखिने पोर्चुगल र कामदार भएर भोगिने पोर्चुगलबीच ठूलो दूरी रहेछ। पर्यटकले शहरको सुन्दरता देख्छ, कामदारले त्यही शहरको अर्को अनुहार पनि देख्छ त्यो के भने बिहान सबेरै उठेर काममा पुग्नुपर्ने बाध्यता, महिनाको अन्त्यमा हिसाब मिलाउनुपर्ने चिन्ता, महँगो कोठा, कामको थकान र फोनको अर्को छेउमा रहेका परिवारका अनुहार।

आज पोर्चुगलमा नेपाली समुदाय सानो छैन। उपलब्ध पछिल्लो आधिकारिक तथ्यांकअनुसार सन् २०२४ को अन्त्यसम्म पोर्चुगलमा ५८,०८६ नेपाली नागरिक निवासीका रूपमा दर्ता भएका थिए, जुन त्यहाँको विदेशी निवासी जनसंख्याको करिब ३.८ प्रतिशत हो। नेपाली समुदाय विदेशी नागरिकमध्ये छैटौं ठूलो समूह बनेको देखिन्छ। यो संख्या केवल एउटा तथ्यांक होइन; यसको पछाडि नेपालका हजारौं घरका सपना, ऋण, संघर्ष, आशा र परिवारबाट टाढिएको जीवन जोडिएको छ।

*काम होइन, जीवन खोज्दै*

पोर्चुगल पुगेपछि शुरुका दिन सजिला थिएनन्। आफूले गर्न खोजेको काम र पाएको कामबीच फरक हुन सक्थ्यो। कसैले होटलमा काम पाए, कसैले रेस्टुरेन्टमा, कसैले कृषि क्षेत्रमा, कसैले निर्माणमा त कसैले सरसफाइ वा अन्य सेवा क्षेत्रमा। आफ्नो सीपअनुसारको काम पाउने भाग्य सबैको हुँदैन।

काम पाएपछि पनि समस्या सकिँदैन। काम गर्ने ठाउँसम्म पुग्नुपर्ने, समय मिलाउनुपर्ने, भाषा बुझ्नुपर्ने र नयाँ वातावरणमा आफूलाई अभ्यस्त बनाउनुपर्ने हुन्छ। शरीरले कामको तालिका सिक्दै जाँदा मनले भने नेपाल सम्झिन छोड्दैन। पोर्चुगलमा सन् २०२६ का लागि कानूनी न्यूनतम मासिक पारिश्रमिक ९२० युरो तोकिएको छ। हातमा आउने रकम र घर पठाउन सकिने रकम एउटै हुँदैन। कर तथा सामाजिक सुरक्षा योगदान, कोठाको भाडा, खाना, यातायात, मोबाइल, दैनिक आवश्यकता र अन्य खर्च कटेपछि बाँकी रकमबाट नेपाल सम्झनुपर्छ। त्यसैले विदेशमा कमाएको प्रत्येक युरोको आफ्नै कथा हुन्छ।

कहिलेकाहीँ आफ्नो लागि नयाँ जुत्ता किन्न मन लाग्छ तर त्यही बेला नेपालमा छोराको विद्यालय शुल्क सम्झिन्छु। घरमा आमालाई औषधि चाहिएको हुन्छ। श्रीमतीले घरखर्चको कुरा गर्छिन्। बाबुले पुरानो ऋणको किस्ता सम्झाउँछन्। अनि आफूले चाहेको कुरा पछाडि सारेर पैसा नेपाल पठाइन्छ। विदेशमा कमाएको पैसा धेरैपटक आफ्नो इच्छाभन्दा परिवारको आवश्यकताको नाममा खर्च हुन्छ।

*बस्ने ठाउँ पनि एउटा परीक्षा*

विदेशमा पुगेपछि सबैभन्दा ठूलो भ्रममध्ये एउटा 'अब त युरोप पुगियो, जीवन सजिलो हुन्छ' भन्ने हो। कामदारका लागि बसोबास आफैंमा ठूलो चुनौती बन्न सक्छ। एक्लै बस्दा कोठा महँगो पर्न सक्छ। त्यसैले धेरै नेपाली एउटै घर वा फ्ल्याटमा मिलेर बस्छन्। एउटा कोठामा एकभन्दा बढी व्यक्ति बस्ने अवस्था पनि असामान्य होइन। कामको समय फरक हुँदा एउटाको आराम गर्ने समयमा अर्को काममा निस्किरहेको हुन्छ।

कहिलेकाहीँ कोठा घरजस्तो लाग्दैन, केवल रात काट्ने ठाउँजस्तो लाग्छ। त्यही कोठामा बसेर नेपालमा रहेको परिवारसँग भिडियो कल गर्दा भने मन एकाएक घर पुग्छ। छोराछोरीको अनुहार हेर्दा थकान केहीबेर हराउँछ। आमाको आवाज सुन्दा आफू फेरि गाउँको आँगनमा पुगेजस्तो हुन्छ।

फोन बन्द गरेपछि भने फेरि त्यही सानो कोठा, भित्तामा झुन्डिएको ज्याकेट र भोलि बिहान उठ्नुपर्ने समय बाँकी रहन्छ।

*मान्छे किन बसिरहन्छ ?*

म पोर्चुगल आउँदा दुई वर्षपछि फर्किने सोच थियो। त्यो सोच गलत थिएन। विदेश आएपछि सपना पनि विस्तारै बदलिँदो रहेछ। पहिलो वर्षमा 'कति पैसा जम्मा भयो ?' भन्ने प्रश्न हुन्छ। दोस्रो वर्षमा 'अब फर्किने कि अझै बस्ने ?' भन्ने प्रश्न आउँछ। त्यसपछि मनमा अर्को प्रश्न जन्मिन्छ कि 'यति टाढा आएर अब खाली हात फर्किने ?'

नेपालमा परिवारले पनि विदेश गएको मान्छेबाट अपेक्षा राख्न थाल्छ। घरको अवस्था सुधारिएको देख्न चाहन्छ। ऋण तिर्नुपर्छ। घर बनाउनुपर्छ। छोराछोरीको भविष्य सोच्नुपर्छ। त्यसपछि दुई वर्षको योजना विस्तारै तीन वर्षतिर जान्छ, तीन वर्षको योजना अझ अगाडि पुग्छ।

कागजको म्याद र जीवनको आवश्यकता कहिलेकाहीँ एउटै बाटोमा हिँड्दैनन्। त्यसैले धेरैको मनमा वैधानिक रूपमा बसाइ लम्ब्याउने, आवश्यक परे नयाँ अनुमति वा आवासीय हैसियतका लागि प्रक्रिया अघि बढाउने सोच आउँछ। पोर्चुगलमा बसोबाससम्बन्धी प्रक्रिया आप्रवासन तथा एकीकरण निकाय AIMA मार्फत अघि बढ्छ र काम तथा निवाससँग सम्बन्धित विभिन्न प्रक्रियाका लागि रोजगारी, आम्दानी, बसोबास, कर तथा सामाजिक सुरक्षा लगायतका प्रमाण आवश्यक पर्न सक्छन्।

यही कागजी प्रक्रियाले पनि आप्रवासीको जीवनमा अर्को तनाव थप्छ। कागज मिलाउनुपर्छ, म्याद सम्झनुपर्छ, आवश्यक प्रमाण जुटाउनुपर्छ र कहिलेकाहीँ निर्णयको प्रतीक्षा गर्नुपर्छ। AIMA ले पछिल्ला वर्षहरूमा आवास अनुमति तथा नवीकरणसम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्ने प्रयास गरिरहेको भए पनि आप्रवासन प्रशासन आफैं ठूलो प्रणाली भएकाले प्रक्रिया बुझेर र आधिकारिक सूचनामै भर परेर अघि बढ्नु आवश्यक हुन्छ।

*पर्मानेन्ट रेसिडेन्सको सपना*

केही समयपछि मेरो सोच अझै बदलियो। अब प्रश्न दुई वर्षपछि नेपाल फर्किने मात्र रहेन। मनले भन्न थाल्यो कि यदि कानूनी रूपमा सम्भव भयो भने यहाँ स्थायी आधार बनाउन सकिन्छ कि ?

पोर्चुगलमा स्थायी बसोबासका लागि सामान्य गैर-ईयू नागरिकका हकमा अस्थायी आवास अनुमति कम्तीमा पाँच वर्ष धारण गरेको हुनुपर्ने, कर तथा सामाजिक सुरक्षा दायित्व पूरा गरेको प्रमाण र आधारभूत पोर्चुगिज भाषा ज्ञानलगायतका आवश्यकताहरू छन्। यसले मेरो सपना फेरि ठूलो बनाइदिन्छ। आज दुई वर्षको भिसा लिएर आएको मान्छे भोलि पाँच वर्षको कानूनी बसाइतर्फ सोच्न थाल्छ। त्यसपछि एउटा अर्को सपना जन्मिन्छ कि 'यदि स्थायी बसोबासको बाटो खुल्यो भने परिवारलाई पनि यतै ल्याउन सकिन्छ कि ?'

त्यो सपना पैसा कमाउने सपनाभन्दा ठूलो हुन्छ किनकि विदेशमा धेरै वर्ष बिताएपछि अन्ततः पैसा मात्र चाहिँदैन, आफ्ना मान्छे पनि चाहिन्छ। नेपालमा श्रीमती र छोराछोरी छन् भने उनीहरूलाई पोर्चुगल ल्याउने कल्पना झन् गहिरो हुन्छ। अहिलेसम्म फोनको स्क्रिनमा देखिएका छोराछोरीलाई वास्तविक रूपमा आफ्नो अगाडि उभिएको हेर्ने इच्छा हुन्छ।

पोर्चुगलको पारिवारिक पुनर्मिलनसम्बन्धी व्यवस्थाअन्तर्गत निश्चित अवस्थाका निवासीले पति वा पत्नी, आश्रित नाबालिग सन्तानलगायत परिवारका सदस्यका लागि प्रक्रिया अघि बढाउन सक्ने व्यवस्था छ। त्यसका लागि निवास अनुमति, पारिवारिक सम्बन्धका प्रमाण, बसोबास र आर्थिक स्रोतलगायतका कागजात आवश्यक पर्छन्।

त्यसैले परिवार ल्याउने सपना केवल भावनाको विषय होइन, कानूनी प्रक्रिया र आर्थिक क्षमतासँग पनि जोडिएको विषय हो। सपनाको पहिलो खुशी कागजमा होइन, कल्पनामा आउँछ। म कहिलेकाहीँ सोच्छु कि विमानस्थलबाट श्रीमती र छोराछोरी बाहिर निस्कँदा कस्तो होला ? बच्चाले दौडेर अँगालो हाल्ला कि केहीबेर अपरिचित ठाउँ हेरेर बस्ला ? मैले वर्षौंसम्म फोनमा देखेको अनुहार आफ्नै अगाडि देख्दा आँखा रसाउला कि ?

***यस्ता प्रश्नको उत्तर अहिलेसम्म छैन तर सपना देख्न कुनै भिजा चाहिँदैन।***

*पोर्चुगलले मलाई के सिकायो ?*

विदेश आएपछि मैले एउटा कुरा बुझें कि परदेशमा पैसा कमाउनु मात्र संघर्ष होइन। आफ्नो पहिचान जोगाउनु, परिवारसँग सम्बन्ध जोगाउनु, कानून बुझ्नु, कामको अधिकार बुझ्नु, भाषा सिक्नु र मानसिक रूपमा बलियो रहनु पनि उत्तिकै ठूलो संघर्ष हो। विदेशमा कामदार हुनु भनेको कमजोर हुनु होइन। हामीले आफ्नो श्रम बेचिरहेका हुन्छौं, आत्मसम्मान होइन। त्यसैले कानूनी रोजगारी, उचित पारिश्रमिक, सुरक्षित कार्यस्थल र सम्मानजनक जीवनको अधिकारप्रति सचेत हुनुपर्छ।

अर्को कुरा पनि सिकें त्यो के भने विदेशलाई स्वर्ग सम्झेर आउनु हुँदैन, नरक सम्झेर पनि आउनु हुँदैन। यो अवसर र चुनौती दुवै भएको ठाउँ हो। यहाँ मेहनत गर्नेका लागि सम्भावना छन्, तर खर्च पनि छन्; कमाइ छ, तर एक्लोपन पनि छ; स्वतन्त्रता छ, तर जिम्मेवारी पनि छ।

सबैभन्दा ठूलो कुरा त के भने नेपालबाट टाढा भए पनि नेपाल मनबाट टाढा हुँदैन। महिनाको अन्त्यमा पैसा नेपाल पठाउँदा बैंक खाताबाट रकम बाहिरिन्छ, तर मन भने घरतिर फर्किन्छ। आमाको औषधि पुगेको खबर आउँदा आफूले राम्रो काम गरेजस्तो लाग्छ। छोराछोरीको पढाइ चलेको थाहा पाउँदा आफ्नो थकान सार्थक लाग्छ। घरमा कुनै समस्या परेको खबर आयो भने भने हजारौं किलोमिटरको दूरी एकैछिनमा असह्य हुन्छ।

त्यसैले परदेशी जीवनको हिसाब बैंकको खातामा मात्र हुँदैन। त्यसको अर्को हिसाब सम्झनामा, प्रतीक्षामा र सम्बन्धमा हुन्छ।

दुई वर्ष भनेर पोर्चुगल आएको म आज भोलिको स्थायी जीवनबारे सोचिरहेको छु। कति वर्ष बसिन्छ, कहिले फर्किन्छु वा परिवारलाई कहिले बोलाउन सकिन्छ भन्ने सबै कुराको उत्तर अहिले मसँग छैन। एउटा कुरा स्पष्ट छ कि यो यात्रा केवल पैसा कमाउने यात्रा रहेन।

यो आफूलाई चिन्ने यात्रा पनि भयो। नेपालमा हुँदा घरको मूल्य थाहा थिएन, परदेश आएपछि घरको अर्थ बुझियो। परिवारसँगै हुँदा उनीहरूको उपस्थितिको मूल्य सामान्य लाग्थ्यो, टाढा भएपछि प्रत्येक आवाज अमूल्य लाग्न थाल्यो। नेपालमा बिहान उठ्दा सामान्य लाग्ने चिया, आँगन, छिमेकीको आवाज र आफ्नै भाषामा बोलिने सामान्य कुराकानीसमेत परदेशमा सम्झनाको विषय बन्छ।

सायद यही परदेशी जीवनको सबैभन्दा ठूलो सत्य हो कि जस्तो लाग्छ मलाई। हामी विदेशमा भविष्य बनाउन आउँछौं, तर भविष्य बनाउने क्रममा वर्तमानको ठूलो हिस्सा परिवारबाट टाढा बिताइरहेका हुन्छौं। त्यसैले पोर्चुगलको कुनै शहरमा बिहान काममा निस्कँदै गर्दा मेरो मनमा एउटा मात्र इच्छा हुन्छ कि आजको मेहनतले भोलिको जीवन अलि सहज बनाओस्। एक दिन त्यही भोलि आएर मेरो परिवार पनि यही बाटोमा मसँगै हिँडोस्।

त्यस दिन सायद मैले परदेशमा बिताएका यी वर्षहरूलाई दुःखका वर्ष होइन, परिवारका लागि दिएको जीवनको एउटा मूल्यवान् अध्याय भनेर सम्झनेछु।






लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# महिला संगीतकारको सहभागिता बढाउन सिर्जनात्मक अवसरको खाँचो छ

**बबिना भट्टराई (गायिका/संगीतकार)**

काठमाडौ/ नेपाली सङ्गीतको इतिहासमा महिला गायिकाहरूको योगदानबारे धेरै चर्चा हुने गरेको छ तर सङ्गीत सिर्जना अर्थात् सङ्गीतकारका रूपमा महिलाहरूले खेलेको भूमिकाबारे भने अपेक्षाकृत कम चर्चा हुने गरेको पाइन्छ। इतिहास पल्टाएर हेर्दा नेपाली सङ्गीतमा महिलाहरूको सङ्गीत यात्रा निकै पुरानो रहेको देखिन्छ। नेपाली चलचित्र सङ्गीतको इतिहासमा एउटा विशेष महत्व राख्ने गीत हो "उडी जाऊँ भने म पन्छी होइन, बस्नु ए लै मन छैन" अरुणा लामाको श्वर, मानबहादुर मुखियाको शब्द र शान्ति ठटालको सङ्गीत रहेको यो गीत नेपाली चलचित्र 'परालको आगो' मा समावेश गरिएको थियो। विक्रम सम्वत् २०३६/०३७ सालतिर रेकर्ड गरिएको यस गीतलाई नेपाली चलचित्रका लागि महिला सङ्गीतकारद्वारा सङ्गीतबद्ध गरिएको पहिलो गीतका रूपमा लिने गरिन्छ। सङ्गीतकर्मीहरूका अनुसार यो उपलब्धि नेपाली चलचित्र सङ्गीतका लागि गौरवको विषय मानिन्छ। शान्ति ठटालले त्यसपछि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, ईश्वर वल्लभको एउटा नीलो सूर्यास्त, बैरागी काइँला, अम्बर गुरुङ लगायतका रचनाहरूमा समेत सङ्गीत सिर्जना गरेकी छिन्।

नेपालमा महिला सङ्गीतकारको इतिहास भने शान्ति ठटालबाट मात्र शुरु भएको होइन, रेडियो नेपालको स्थापना हुनुअघि नै मेलवादेवीले सङ्गीतकारका रूपमा आफूलाई स्थापित गरिसकेको इतिहास भेटिन्छ। उनले "झन् पर जान्छु झन् माया लाग्छ लै लै" बोलको गीतमा सङ्गीत भरेकी थिइन्। त्यसपछि रेडियो नेपालको स्थापना पश्चात् कोइलीदेवी सङ्गीतकारका रूपमा उदाइन्। नेपाली सङ्गीत इतिहासमा उनलाई पहिलो महिला सङ्गीतकारका रूपमा स्मरण गर्ने गरिन्छ। नेपाली सङ्गीत क्षेत्रमा तारादेवी, मिरा राणा लगायतका महिलाहरूले सङ्गीतकारका रूपमा पहिचान बनाउन प्रयास गरे। त्यसपछिका पुस्तामा सङ्गीता राणा प्रधान, लासिमित राई, लोचन भट्टराई, रेखा पौडेल लगायतले पनि सङ्गीत सिर्जनामा सक्रियता देखाए। पछिल्लो पुस्तामा बबिना भट्टराई, लावोनी चक्रवर्ती, बानिका प्रधान, तृप्ति खड्का, शुशिला बराल, ऋतु कँडेल लगायतका महिला सर्जकहरू सङ्गीतकारका रूपमा आफ्नो स्थान बनाउन प्रयासरत छन्।

सङ्गीत क्षेत्रका जानकारहरूका अनुसार नेपाली सङ्गीतमा महिला कलाकारहरूले गायनमा उल्लेखनीय सफलता हासिल गरे पनि सङ्गीतकारका रूपमा त्यति धेरै स्थापित हुन सकेका छैनन्। सङ्गीत सिर्जना केवल धुन बनाउने काम मात्र नभई गीत छनोट, सङ्गीत संयोजन, रेकर्डिङ प्रक्रिया, कलाकार समन्वयदेखि अडियोको अन्तिम स्वरूप तयार पार्ने चरणसम्मको जिम्मेवारीसँग जोडिएको हुन्छ। यसका लागि समय, स्रोत, प्राविधिक ज्ञान र निरन्तर सक्रियता आवश्यक पर्ने गर्दछ।

नेपाली संगीतमा महिला संगीतकारको अवस्थाका बारेमा पछिल्लो समय संगीतकार कै रुपमा आँफूलाई स्थापित गरेकी गायिका तथा संगीतकार बबिना भट्टराईसँगको छोटो अन्तर्वार्ता :

*आफूलाई सङ्गीतकारको रूपमा चिनाउँदा कस्तो महसुस हुन्छ ?*

मलाई यो केवल परिचय मात्र होइन, एउटा जिम्मेवारी जस्तो लाग्छ। गायिकाको रूपमा गीतलाई स्वर दिनु एउटा कुरा हो भने सङ्गीतकारको रूपमा गीतको आत्मा निर्माण गर्नु अर्को कुरा हो। आफूलाई सङ्गीतकार भन्न पाउँदा गर्व त लाग्छ नै, त्यससँगै नेपाली सङ्गीतमा केही अर्थपूर्ण योगदान दिन सकूँ भन्ने प्रेरणा पनि थपिन्छ।

*नेपाली सङ्गीत इतिहासमा मेलवादेवी, कोइलीदेवी र शान्ति ठटालजस्ता महिला सङ्गीतकारहरूको योगदानलाई कसरी लिनुहुन्छ ?*

उहाँहरू नेपाली सङ्गीत इतिहासका अग्रणी व्यक्तित्वहरू हुनुहुन्छ। आज हामीले जुन बाटोमा हिँड्ने अवसर पाएका छौँ त्यो उहाँहरूले संघर्षका साथ निर्माण गरिदिनुभएको हो। विशेषगरी शान्ति ठटाल जस्ता सर्जकले महिला पनि सङ्गीत सिर्जनाको नेतृत्व गर्न सक्छन् भन्ने उदाहरण स्थापित गर्नुभयो। उहाँहरूको योगदान त इतिहासको विषय मात्र होइन, निरन्तर प्रेरणाको स्रोत पनि हो।

*नेपाली सङ्गीत क्षेत्रमा महिलाहरू सङ्गीतकारको रूपमा अगाडि आउन नसक्नुको कारण के होला ?*

म यसलाई क्षमताको अभावभन्दा पनि अवसर, पहुँच र प्राथमिकताको प्रश्नका रूपमा हेर्छु। हाम्रो समाजमा महिलाले धेरै भूमिकाहरू एकसाथ निर्वाह गर्नुपर्ने अवस्था रहिआएको छ। सङ्गीतकारको काम भने समय, अध्ययन, अनुसन्धान र निरन्तर अभ्याससँग जोडिएको हुन्छ। यद्यपि अहिलेको पुस्तामा चेतना र अवसर दुवै बढिरहेका छन्। त्यसैले आगामी दिनमा यो दूरी क्रमशः घट्दै जानेमा म आशावादी छु।

*एक महिला सङ्गीतकारका रूपमा यहाँले सामना गर्नुपरेका मुख्य चुनौतीहरू के के हुन् ?*

हरेक सिर्जनाकर्मीले जस्तै मैले पनि आफ्ना चुनौतीहरू भोगेकी छु। समय व्यवस्थापन, सिर्जनात्मक निरन्तरता र आफ्नो दृष्टिकोणलाई व्यवहारमा उतार्ने क्रममा विभिन्न कठिनाइहरू आउँछन् तर चुनौतीलाई अवरोधभन्दा पनि सिकाइको अवसरका रूपमा लिन सके त्यसले व्यक्तित्व र सिर्जनालाई अझ परिपक्व बनाउँछ भन्ने मेरो विश्वास छ।

*भविष्यमा महिला सङ्गीतकारहरूको सहभागिता बढाउन के गर्नु पर्ला ?*

सङ्गीत कुनै लिङ्गले सीमित गर्ने क्षेत्र होइन, यो संवेदना, कल्पना र साधनाको संसार हो। जसले निरन्तर सिक्न, सिर्जना गर्न र आफ्नो सपनाप्रति इमानदार रहन सक्छ उसले अवश्य आफ्नो स्थान बनाउन



सक्छ त्यसैले सबैभन्दा पहिले प्रतिभालाई लिङ्गका आधारमा होइन सिर्जनाको गुणस्तरका आधारमा मूल्याङ्कन गर्ने वातावरण बन्नुपर्छ। संगीत शिक्षा, प्राविधिक प्रशिक्षण, मार्गदर्शन र सिर्जनात्मक अवसरहरूमा महिलाको पहुँच बढाउनु आवश्यक छ। सफल महिला सङ्गीतकारहरूको यात्रा नयाँ पुस्तासम्म पुर्‍याउन सकियो भने त्यो आफैँमा ठूलो प्रेरणा बन्न सक्छ। मलाई लाग्छ, अवसर र आत्मविश्वासको संयोजन भएमा नेपाली सङ्गीतले अझ धेरै सक्षम महिला सङ्गीतकारहरू पाउनेछ।

नेपाली समाजमा महिलाहरूले घरपरिवार, पेशा र सामाजिक जिम्मेवारीबीच सन्तुलन मिलाउनुपर्ने अवस्था भएकाले पनि सङ्गीतकारका रूपमा निरन्तरता दिन चुनौती हुने गरेको विश्लेषण गरिन्छ। पछिल्ला वर्षहरूमा प्रविधिको पहुँच विस्तार, घरेलु स्टुडियोको विकास र सङ्गीत उत्पादन प्रक्रियामा आएको सहजतासँगै महिला सङ्गीतकारहरूको उपस्थिति पनि विस्तारै बढिरहेको देखिन्छ। संख्यात्मक रूपमा अझै पनि महिला सङ्गीतकार कम भए पनि उनीहरूको योगदान र सम्भावना भने निरन्तर बढ्दो छ। नेपाली सङ्गीत इतिहासका प्रारम्भिक महिला सङ्गीतकारहरूले कोरेको बाटोलाई पछिल्ला पुस्ताले निरन्तरता दिन सके भविष्यमा संगीत क्षेत्रमा महिलाहरूको उपस्थिति अझ सशक्त बन्ने अपेक्षा गरिएको छ।

प्रस्तुतिः हरिराम पौडेल

# 'चिसो चिसो पानी' पछि निर्वाण र कुशले ल्याए डान्स नम्बर 'लाली'

काठमाडौं। क्यानडामा बसेर नेपाली संगीतमा सक्रिय एनभी निर्वाण र कुशको नयाँ म्युजिक भिडियो 'लाली' सार्वजनिक भएको छ। 'रियाज म्युजिक'को आधिकारिक युट्युब च्यानलमार्फत गीतको भिडियो दर्शकमाझ ल्याइएको हो।

यसअघि 'चिसो चिसो पानी' र 'दिनँ' जस्ता चर्चित ट्र्याकमा सहकार्य गरिसकेका निर्वाण र कुशले यसपटक भने डान्स र पार्टी फ्लेभरको गीत 'लाली' पस्किएका हुन्।



गीतमा प्रेम, युवापुस्ताको आकर्षण र 'नाइटलाइफ'लाई रोचक ढंगले प्रस्तुत गरिएको छ। क्याची कोरस र ऊर्जावान् बीट रहेको यस ट्र्याकमा निर्वाण र कुशकै शब्द, संगीत तथा स्वर सुन्न सकिन्छ। गीतमा गायिका सेरेनले स्वरमा साथ दिएकी छन् भने संगीत संयोजन (बीट प्रोडक्सन) ीबथ श्थ ले गरेका हुन्।

'निर्वाण रेकर्ड्स टोरोन्टो'मा तयार पारिएको यस ट्र्याकमा निर्वाणको मेलोडिक हिपहप र कुशको इनर्जेटिक र्‍याप शैलीको सुन्दर मिश्रण सुन्न सकिन्छ। हरि हुमागाईंको निर्देशनमा तयार पारिएको भिडियोमा जेस्टीको कोरियोग्राफी तथा मोडल इभा गिरीको अभिनय देख्न सकिन्छ। भिडियोको छायांकन (डीओपी) र भिजुअल सम्पादन स्वयं निर्देशक हुमागाईंले गरेका हुन् भने उत्तम हुमागाईंले सिनेमाटोग्राफी सम्हालेका छन्। प्रबिन मानन्धरले भिडियोको कलरिङ र सम्पादनको जिम्मेवारी सम्हालेका छन्।

सात समुद्रपारि रहेर पनि नेपाली हिपहप संगीतलाई निरन्तरता दिइरहेका निर्वाण र कुशको यो प्रयासलाई प्रवासबाटै नेपाली सुगम संगीत र र्‍याप विधामा गरिएको नयाँ प्रयोगका रूपमा हेरिएको छ। डिजिटल प्लेटफर्म तथा टिकटक/रिल्सलाई लक्षित गरी तयार पारिएको यो गीतले युवापुस्ताको मन जित्ने अपेक्षा गरिएको छ।

## प्रबासी नेपालीजनलाई अवसरसँगै सूचना

नेपाल बाहिर अर्थात प्रबासमा रहनु हुने नेपालीजनमा लेखनप्रति रुचि छ भने तपाईहरुलाई यस पत्रिकाले अवसर प्रदान गरेको छ। त्यो के भने तपाईहरु आफ्ना साहित्यिक लेख, रचनादेखि विभिन्न खाले लेख, विचार प्रकाशन गर्न चाहनुहुन्छ भने 'नयाँ विमर्श' ले तपाईहरुका लेख, रचनाहरुलाई उचित स्थान दिने गरेको छ। त्यसैले तपाईहरुले आफ्ना साहित्यिक लेख, रचनादेखि आत्मकथा, आफ्ना नियात्रा, आफ्ना अनुभव, आफ्ना वेदनाहरुलाई यस पत्रिकामार्फत पोख्न सक्नु हुनेछ। तपाईका लेख, रचना, वेदना तथा अनुभवहरुलाई लेखकीय स्वरुपमा पठाउनु होला। लेख्न मन छ तर लेखाईको अंग पुगेन कि जस्तो लागेमा पनि नहिच्काउनु होला, लेखेर पठाउनु होला, राम्रो सम्पादन गरी प्रकाशनयोग्य हामी बनाई दिनेछौं।

त्यसैले आफ्ना लेख, रचना, अनुभव, पीडा, वेदना तथा नियात्रासँग सम्बन्धित विचारहरु नयाँ विमर्शको इमेलमा पठाउन सक्नु हुनेछ। त्योसँगै आफ्नो व्यक्तिगत तस्वीर तथा सान्दर्भिक तस्वीरहरु पठाउनु भएमा उचित स्थान दिने नै छौं। यसरी सामग्रीहरु पठाउँदा अर्को कुनै सञ्चारमाध्यमलाई पठाई सकेको सामग्री भने नपठाउनु होला।

सामग्री पठाउन यो इमेलमा पठाउन सक्नु हुनेछ।

इमेल nayabimarsha@gmail.com






लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

## दौडाहा ...

विभागका कमलराजश्रेष्ठ, शहरी तथा भवन निर्माण विभागका रविन्द्र बोहरा र डोलिडारका अशोक साह पनि संलग्न रहेको समाचार श्रोतले बताएको छ। धपडी र दौडधुप बढी भएपछि एक्कासी ज्वरो बढेर नरोकिएपछि मन्त्री लम्साल सेनाको हेलिकप्टर मगाएर भदौ १ गते काठमाडौं फर्केको र टोलीमा संलग्न अन्य व्यक्तिहरु (सचिव र डीजी) भदौ २ गते काठमाडौं फर्किएको स्रोतले जानकारी दिएको छ।

मन्त्री लम्सालले सरकार गठन भएर जिम्मेवारी सम्हालेपछि साढे चार महिनामा ५५ जिल्लाको भ्रमण गरी एक्सप्रेस वेमा गाडी चलाएर पूर्वाधार विकासको बारेमा अध्ययन गरेको र रुग्ण विकासे आयोजनाका बारेमा समस्याको समाधान गर्ने तर्फ सकृयता देखाएको श्रोतले बताएको छ। साढे चार महिनाको तुफानी भ्रमणमा मन्त्री लम्साललले भौतिक प्रगति नभएका योजना तथा आयोजनाहरुको ठेक्का तोड्न र काम नगर्ने निर्माण व्यवसायीलाई कानूनी कठघरामा उभ्याउन समेत निर्देशन दिएका छन्।

नरम एवं कठोर बन्दै अगाडि बढेका तथा बेलाबखत आलोचित बन्ने गरेका मन्त्री लम्साल पछिल्लो समय बैतडीबाट सेनाको हेलिकप्टर मार्फत काठमाडौं फर्किएपछि सत्ताधारी पार्टी रास्वपाका सांसद पारसमणि गेलाल र प्रतिपक्षका सांसद वासना थापा तथा वर्षमान पुनले जनता मर्न लाग्दा अस्पताल पुग्ने साधन छैन, मन्त्रीलाई सामान्य रुघा, खोकी लाग्दा र ज्वरो आउँदा हेलिकोप्टर ? भन्दै प्रतिनिधि सभाको बैठकमा प्रश्न उठाएका छन्। उनीहरुले मन्त्रीलम्साललाई अनावश्यक रुपमा जिल्ला भ्रमणमा तामझाम र जम्बो टोलीका साथ ननिस्कन आग्रह गरेपछि देश घुम्ने रहर हो कि समस्या समाधान गर्ने हुटहुटी भन्दै प्रश्न उठेपछि उनका क्रियाकलाप चर्चित बनेका छन्।

## रा.स्व.पा.लाई ...

मन्त्रीहरु हटाएर जनतालाई आभाष दिन सक्ने मन्त्रीहरु ल्याउने तैयारीमा जुटेको बुझिएको छ। यसका लागि मन्त्रीहरु मेहता, यादव,वादी, तिमल्सिना र पौडेल निशानामा परेका हुन्। यिनीहरुको कार्यसम्पादन समेत कमजोर र निराशाजनक रहेको बताइएको छ।

यता, सांसद बनेपछि अनमत्त हात्ती झै बनेका खगेन्द्रसुनार, आशिका तामाङ्ग, केपी खनाल, टीका संग्रौला र पारशमणि गेलालको हर्कतले पार्टी संसद र संसदीय समितिको गरिमा नै घटाएपछि आफ्ना पार्टीका सांसदहरु सम्हाल्न सभापति लामिछानेलाई सकस परिरहेको चर्चा चलेको छ। रास्वपामा हाल १८२ सांसद रहेकामा १५ जना बाहेक १६७ जना नयाँ अनुहार रहेका छन्। यिनीहरुलाई संसद, सांसदको जिम्मेवारी, भूमिका, नीति, नियम, बोल्ने चरिका विषयगत जानकारी कम रहेकाले अभिमुखीकरण तालिम दिनुपर्ने अवस्था आएको चर्चा छ। रास्वपाका सांसदहरुलाई ३ दिने अभिमुखीकरण दिइएको भए पनि अपर्याप्त रहेको जानकारहरुले बताएका छन्।

## इतरपक्षबाट ...

चलेको छ। खासगरी डा. शशांकलाई संयोजक बनाएपछि खड्का र शेखरले उपलब्धी नहुने ठानेर समापन समारोहमा सहभागी नभएको काँग्रेसका जानकारहरुले बताएका छन्। उता संयोजक शशांक कोइरालाले नेताहरुलाई सम्मानजनक पददिए समापति मान्ने बताएपछि इतरपक्षमा अब डा. प्रकाशशरण महत, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौलालगायतका केही मात्र बाँकी रहने र अन्य नेताहरु गगन थापाको नेतृत्वको आधिकारिक काँग्रेसमा सहभागी भै मिलेर १५ औं महाधिवेशनमा जाने जानकारहरुले बताएका छन्।

खड्का र शेखरलाई समेटेर अघि बढ्दा काँग्रेसलाई घाटा नहुने बुझाई कार्यकर्ताहरुको छ। सम्मानजनक पद दिए डा. शशांक र निधि पनि समेटिने चर्चा काँग्रेसवृत्तमा चलेको छ। यता, काग्रेसलाई एकताबद्ध गर्न गत भाद्र २ गतेबाट शुरु हुने मानिएको गाउँ, नगर र वडा अधिवेशनको तालिका भाद्र २४ गतेबाट शुरु हुने भएको छ। इतरपक्षका नेताहरुसँग निरन्तर सम्वादमा रहेका सभापति थापाले एकता गरेर १५ औ महाधिवेशनमा जाने कार्यकर्ताहरुले विश्वास गरेका छन्।

यता १० जिल्लाका (निलम्बन समेतगरि) जिल्ला सभापति मात्र भेलामा उपस्थित भएपछि अबस्था दयनिय बन्न पुगको छ। यसैवीच कांग्रेसको १५ औं महाधिवेशनको नियमित तालिका रोक्न ईतरपक्ष सर्बोच्च जाने भएपछि महाधिवेशन गिजोलिने अवस्था आएको छ।

## योजना ...

महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषद् गठन भयो। पछि विभिन्न चरण पार गर्दै वि.सं. २०२५ तिर राष्ट्रिय योजना आयोगको स्वरूप स्थापित भयो र वि.सं. २०२९ को अध्ययनपछि यसको जिम्मेवारी तथा संरचनालाई थप व्यवस्थित गरियो। २०४६ सालको राजनीतिक परिवर्तनपछि पनि आयोग पुनर्गठित हुँदै प्रधानमन्त्री अध्यक्ष र पूर्णकालीन उपाध्यक्षसहित विज्ञ सदस्य रहने संरचनातर्फ अघि बढ्यो।

नेपालको योजना आयोगको इतिहास हेर्दा यसको नेतृत्वमा आएका व्यक्तिहरूको विविधता पनि रोचक देखिन्छ। प्रारम्भिक चरणका गुञ्जमान सिंह, त्रिवेणीप्रसाद प्रधान र ऋषिकेश शाहदेखि हर्कबहादुर गुरुङ, बद्रीप्रसाद श्रेष्ठ, रत्नशमशेर जबरा, मोहनमान सैंजु, भारतप्रसाद धिताल, रामशरण महत, शंकरप्रसाद शर्मा, नारायण खड्का, पीताम्बर शर्मा, युवराज खतिवडा, गोविन्दराज पोखरेल, स्वर्णिम वाग्ले, पुष्पराज कँडेल, विश्वनाथ पौडेल, मीनबहादुर श्रेष्ठ, शिवराज अधिकारी हुँदै पछिल्ला नेतृत्वसम्म आइपुग्दा अर्थशास्त्र, समाजशास्त्र, भूगोल, प्रशासन, विकास अध्ययन तथा सार्वजनिक नीतिका विभिन्न पृष्ठभूमिका व्यक्तिहरूले आयोगको नेतृत्व गरेका छन्। आयोगकै अभिलेखमा पूर्वउपाध्यक्षहरूको लामो सूचीले यो संस्थाले विभिन्न कालखण्डमा फरक-फरक बौद्धिक दृष्टिकोण बोकेका व्यक्तिको अनुभव प्राप्त गरेको देखाउँछ।

यसबाट एउटा महत्वपूर्ण कुरा बुझ्न सकिन्छ कि योजना आयोगको शक्ति उसको भवन वा पदमा होइन, त्यहाँ बस्ने मानिसको ज्ञान, अनुसन्धान क्षमता र राजनीतिक नेतृत्वलाई तथ्यमा आधारित सुझाव दिन सक्ने साहसमा हुन्छ। प्रधानमन्त्री आयोगका अध्यक्ष हुने व्यवस्था स्वाभाविक रूपमा राजनीतिक नेतृत्वसँग योजनालाई जोड्ने माध्यम हो। दैनिक कार्यमा राजनीतिक दबाबभन्दा तथ्य, तथ्यांक, अनुसन्धान र दीर्घकालीन राष्ट्रिय हित हावी हुन सके मात्र आयोग प्रभावकारी हुन्छ।

यही ठाउँमा बी.पी. कोइरालासँग जोडिएको एउटा अर्थपूर्ण प्रसंग सम्झन सकिन्छ। योजना बनाउने ठाउँमा किसानको तस्वीर राख्नुपर्ने उनको आग्रहलाई केवल एउटा ऐतिहासिक किस्सा मानेर छाड्न मिल्दैन। त्यसमा विकासको केन्द्रमा साधारण नागरिक हुनुपर्छ भन्ने गहिरो राजनीतिक-आर्थिक दृष्टिकोण भेटिन्छ। योजना आयोगको टेबुलमा बसेर बनाइने योजना अन्ततः खेतमा काम गर्ने किसान, पसल चलाउने व्यवसायी, विद्यालय जाने बालबालिका, रोजगारी खोजिरहेको युवा, विदेशबाट फर्किन चाहने श्रमिक र दुर्गम गाउँमा सेवा खोजिरहेको नागरिकको जीवनसँग जोडिनुपर्छ। योजना जनताबाट टाढा भयो भने त्यो दस्तावेज त बन्छ, विकासको माध्यम बन्न सक्दैन।

नेपालमा आयोगको भूमिका अहिले पहिलेभन्दा जटिल छ। संघीय संरचनापछि विकासको जिम्मेवारी तीन तहका सरकारमा बाँडिएको छ। त्यसैले अब सिंहदरबारले मात्र सबै विकासको नक्सा बनाउने पुरानो शैली पर्याप्त हुँदैन। संघले राष्ट्रिय प्राथमिकता निर्धारण गर्ने, प्रदेशले आफ्नो विशिष्ट सम्भावना र आवश्यकतासँग त्यसलाई जोड्ने तथा स्थानीय तहले नागरिकको वास्तविक आवश्यकता पहिचान गर्ने गरी योजना निर्माणको प्रणाली विकास गर्नुपर्छ। आयोगले यी तहबीच दोहोरोपन हटाउने, स्रोतको उचित बाँडफाँट गर्ने र राष्ट्रिय लक्ष्यसँग स्थानीय योजनालाई जोड्ने पुलको काम गर्न सक्नुपर्छ।

अहिले आयोगसँग राष्ट्रिय स्रोत अनुमान, मध्यमकालीन खर्च संरचना, आयोजना बैंक, आयोजना छनोट तथा प्राथमिकीकरण, अनुगमन र मूल्याङ्कनजस्ता महत्वपूर्ण जिम्मेवारी छन्। राष्ट्रिय आयोजना बैंकमा नपरेका आयोजनालाई बजेट नदिने व्यवस्थाले योजना र बजेटबीच सम्बन्ध स्थापित गर्ने प्रयास गरेको देखिन्छ। व्यवहारमा यसको प्रभाव कति परेको छ भन्ने प्रश्न अझै महत्वपूर्ण छ किनभने नेपालमा समस्या योजना नबन्नु मात्र होइन; बनेका योजनाको प्राथमिकता परिवर्तन हुनु, आयोजना लामो समयसम्म अधुरो रहनु, लागत बढ्दै जानु र उपलब्ध स्रोत छरिनु पनि ठूलो समस्या हो।

त्यसैले अब योजना आयोगले 'कति पैसा खर्च गर्ने ?' भन्दा 'कति परिणाम निकाल्ने ?' भन्ने प्रश्नलाई केन्द्रमा राख्नुपर्छ। पाँच वर्षमा कति किलोमिटर सडक बन्यो भन्नेभन्दा त्यसले उत्पादन, व्यापार र रोजगारीमा कस्तो परिवर्तन ल्यायो भन्ने हेर्नुपर्छ। कति विद्यालय बने भन्नेभन्दा विद्यार्थीको सिकाइ उपलब्धि कति बढ्यो भन्ने मूल्याङ्कन हुनुपर्छ। कति अस्पताल निर्माण भए भन्नेभन्दा नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा कति सहज पाए भन्ने महत्वपूर्ण हुनुपर्छ। यसका लागि परिणाममा आधारित योजना र अनुगमन प्रणाली आवश्यक छ।

त्यसैगरी आयोगको पदाधिकारी छनोट पनि अत्यन्त महत्वपूर्ण विषय हो। प्रधानमन्त्रीले विश्वास गर्ने व्यक्ति हुनु एउटा योग्यता हुन सक्छ, तर त्यो पर्याप्त योग्यता होइन। आयोगमा आउने व्यक्ति अर्थतन्त्र बुझ्ने, तथ्यांक पढ्न सक्ने, अनुसन्धान गर्न सक्ने, अन्तर्राष्ट्रिय अनुभवलाई नेपालको वास्तविकतासँग जोड्न सक्ने र आवश्यक पर्दा सरकारलाई असहज लाग्ने सत्यसमेत भन्न सक्ने हुनुपर्छ। विभिन्न विषयका विज्ञलाई प्रतिनिधित्व गराउने अहिलेको अवधारणालाई अझ बलियो बनाउनुपर्छ। आयोगमा अर्थशास्त्री मात्र होइन, कृषि, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, वातावरण, प्रविधि, जनसांख्यिकी, श्रम र सार्वजनिक प्रशासनका गहिरा जानकार आवश्यक छन्। आधिकारिक संरचनाले पनि सदस्यहरूमा विज्ञता र समावेशितालाई आधार बनाउने व्यवस्था गरेको छ।

विश्वका अनुभवले पनि योजना निर्माण गर्ने संस्थाको स्वरूप समयसँगै परिवर्तन हुन सक्ने देखाउँछन्। भारतले योजना आयोगबाट नीति आयोगतर्फ परिवर्तन गर्दै योजनाभन्दा रणनीति, अनुसन्धान, सहकारी संघीयता र नीतिगत सल्लाहलाई बढी जोड दिएको छ। नेपालले पनि अरू देशको संरचना जस्ताको तस्तै नक्कल गर्ने होइन, आफ्नो आर्थिक अवस्था, संघीय प्रणाली र विकासको आवश्यकताअनुसार योजना आयोगलाई रूपान्तरण गर्नुपर्छ।

आज नेपालको सबैभन्दा ठूलो आवश्यकता अर्को नयाँ योजना दस्तावेज होइन; योजना निर्माणको संस्कारमा परिवर्तन हो। सरकार फेरिँदा राष्ट्रिय प्राथमिकता नफेरिने, स्रोतको क्षमता नाघेर आयोजना नथपिने, राजनीतिक पहुँचका आधारमा परियोजना छनोट नहुने र असफल योजनाको जिम्मेवारी निर्धारण हुने व्यवस्था आवश्यक छ। योजना आयोगले सरकारको घोषणालाई वैधता दिने कार्यालय होइन, सरकारलाई तथ्यका आधारमा सही बाटो देखाउने संस्था बन्नुपर्छ।

अन्ततः राष्ट्रिय योजना आयोगलाई मुलुकको विकासको 'मस्तिष्क' बनाउने हो भने त्यसलाई राजनीतिको छायामा होइन, ज्ञान र अनुसन्धानको उज्यालोमा बलियो बनाउनुपर्छ। प्रधानमन्त्री यसको अध्यक्ष हुनु र विज्ञहरू यसको सदस्य हुनुबीच सही सन्तुलन कायम गर्न सकियो भने राजनीतिक इच्छाशक्ति र बौद्धिक क्षमताको संयोजन बन्न सक्छ। आयोगले नागरिकको आवाज सुन्ने, तथ्यांकमा निर्णय गर्ने, भविष्यको जोखिम अनुमान गर्ने र वर्तमान स्रोतको विवेकपूर्ण उपयोग गराउने क्षमता विकास गर्नुपर्छ।

बी.पी.को हलो जोतिरहेको किसानको तस्वीरको अर्थ यहीँ आएर अझ गहिरो हुन्छ कि योजना बनाउने टेबुलमा देशको सबैभन्दा कमजोर नागरिकको अनुहार देखिनुपर्छ। त्यो अनुहार बिर्सिएर बनाइएको योजना जति आकर्षक भए पनि त्यसले मुलुकको भविष्य बनाउँदैन। राष्ट्रिय योजना आयोगको वास्तविक परीक्षा कति वटा योजना बनायो भन्नेमा होइन, उसले बनाएको योजनाले कति नेपालीको जीवन बदल्न सक्यो भन्नेमा हुनेछ। त्यसैले अबको आयोग कागजमा योजना लेख्ने निकायभन्दा माथि उठेर देशले कुन बाटो रोज्ने भन्नेबारे निर्भीक, विद्वतापूर्ण र दीर्घदर्शी राष्ट्रिय मञ्च बन्न आवश्यक छ। यही रूपान्तरणले योजना आयोगलाई नेपालको विकास यात्रामा अझ अर्थपूर्ण र अपरिहार्य संस्था बनाउन सक्छ।

## दलहरुमा ...

हो कि धुवाँ धेरै नदेखिए पनि भित्र ताप बढिरहेको छ।

उता, कांग्रेसमा विवाद अब दुई राजनीतिक बाटोको प्रश्न देखिएको छ। कांग्रेसको समस्या भने अझ फरक प्रकृतिको छ। यहाँ नेतृत्वको आलोचना मात्र भएको होइन, पार्टीको वैधानिक नेतृत्व कसलाई मान्ने भन्ने प्रश्न नै विवादको केन्द्रमा छ।

विशेष महाधिवेशनबाट गगनकुमार थापा सभापतिमा आएपछि उनको नेतृत्वमा नयाँ कार्यसमिति अघि बढिरहेको छ। निर्वाचन आयोगले त्यसलाई आधिकारिकता दिएको र सर्वोच्च अदालतबाट समेत त्यससम्बन्धी विवादमा पहिले थापा पक्षको पक्षमा निर्णय भइसकेको अवस्था छ। त्यसपछि सर्वोच्चले पुनरावलोकनको बाटो खोलेपछि विवाद फेरि कानूनी र राजनीतिक दुवै तहमा सक्रिय बनेको छ।

यहीबीच पूर्वसभापति शेरबहादुर देउवा नेपाल फर्किए। करिब पाँच महिनापछि उनको स्वदेश आगमन र त्यसपछि संस्थापनइतर समूहले आयोजना गरेको राष्ट्रिय भेलामा उनको सहभागिताले कांग्रेसभित्रको शक्ति समीकरणलाई नयाँ अर्थ दिएको छ। साउन २९ देखि ३१ गतेसम्म भएको भेलालाई अन्ततः राष्ट्रिय सम्मेलनको स्वरूप दिइयो। सम्मेलनले गगन थापा नेतृत्वलाई सभापतिको रूपमा स्वीकार नगर्ने र देउवाकै नेतृत्वमा १५ औँ महाधिवेशनमा जाने राजनीतिक निष्कर्ष अघि सारेको छ।

यो निर्णयको राजनीतिक अर्थ सामान्य सांगठनिक असहमतिको भन्दा निकै ठूलो छ। यसले कांग्रेसभित्र अब दुई पक्षबीच नेतृत्वको प्रतिस्पर्धा मात्र होइन, पार्टीको आगामी महाधिवेशन कुन राजनीतिक आधारमा आयोजना हुने भन्ने प्रश्न खडा गरेको छ।

देउवा पक्षको सम्मेलनलाई तत्कालै पार्टी विभाजनको घोषणा भनेर बुझ्नु पनि हतार हुनेछ। सम्मेलनमा सहभागी नेताहरूले एकताको सम्भावना अझै समाप्त नभएको बताउँदै आएका छन्। अदालतको प्रक्रियाले पनि विवादलाई तत्काल निर्णायक निष्कर्षमा पुऱ्याएको छैन। त्यसैले कांग्रेसमा अहिलेको अवस्था 'फुटिसकेको पार्टी'भन्दा फुटको सम्भावना र एकताको सम्भावनाबीच उभिएको पार्टीको हो।

*देउवा फर्किए, समीकरण फर्किएन*

देउवाको नेपाल आगमनले कांग्रेसभित्रको पुरानो शक्ति संरचनालाई पुनः सक्रिय बनाएको छ। विगतको जस्तो एउटै केन्द्रबाट पार्टी सञ्चालन हुने अवस्था भने छैन। देउवा पक्षले १५औँ महाधिवेशनका लागि आफ्नै तयारी अघि बढाइसकेको छ। अर्कोतर्फ थापा नेतृत्वको कार्यसमिति निर्धारित कार्यतालिकाअनुसार महाधिवेशन गराउने तयारीमा छ। थापा पक्षले आगामी असोज १६ देखि १९ गतेसम्म महाधिवेशन गर्ने कार्यतालिका अघि सारेको छ र त्यसलाई समयमै सम्पन्न गर्ने अडान राख्दै आएको छ।

महामन्त्री विश्वप्रकाश शर्मा लगायत थापा पक्षका नेताहरूले सबै पक्षलाई समेटेर महाधिवेशनलाई एकताको अवसर बनाउन सकिने बताइरहेका छन्। त्यसका लागि अर्को पक्षले वर्तमान नेतृत्व र विशेष महाधिवेशनको निर्णय स्वीकार गर्नुपर्ने हुन्छ। उता, देउवा पक्षको मूल आपत्ति नै त्यही निर्णयसँग जोडिएको छ।

यसरी हेर्दा कांग्रेसको समस्या दुई नेताबीचको व्यक्तिगत सम्बन्धको समस्या मात्र होइन। विधान, प्रतिनिधित्व, सदस्यता, महाधिवेशनको वैधानिकता र नेतृत्वको अधिकार सबै विषय एकै ठाउँमा जोडिएका छन्।

*अंकगणितभन्दा ठूलो चुनौती*

एमाले र कांग्रेसको अहिलेको अवस्थालाई एउटै तराजुमा राख्न मिल्दैन। एमालेमा मूलतः नेतृत्वको समीक्षा र पुनर्गठनको बहस छ। कांग्रेसमा भने नेतृत्वको वैधानिकता र महाधिवेशनको स्वरूपसमेत विवादमा परेको छ।

दुवै पार्टीले एउटा समान जोखिम सामना गरिरहेका छन् कि आन्तरिक विवादलाई व्यवस्थापन गर्न नसक्दा जनतासँगको राजनीतिक सम्बन्ध कमजोर बन्ने जोखिम बढेको छ। ठूला दलहरूभित्र नेतृत्व परिवर्तन हुनु अस्वाभाविक होइन। लोकतान्त्रिक पार्टीमा नेतृत्वमाथि प्रश्न उठ्नु पनि अस्वाभाविक होइन। अस्वाभाविक त्यतिबेला हुन्छ, जब प्रश्न उठाउने अधिकारलाई पार्टीविरोधी गतिविधि र नेतृत्वको असहमतिको अधिकारलाई अनुशासनहीनताका रूपमा बुझ्न थालिन्छ।

एमालेले निर्वाचनको पराजयलाई केवल विगतको घटनाका रूपमा होइन, संगठन सुधारको अवसरका रूपमा लिनुपर्ने देखिन्छ। ओली नेतृत्वमा निरन्तरता रहोस् वा नयाँ नेतृत्व आओस्, निर्णय पार्टीको वैधानिक प्रक्रियाबाट हुनुपर्छ। नेतृत्व परिवर्तन चाहने पक्षले पनि व्यक्तिविरोधभन्दा स्पष्ट राजनीतिक विकल्प प्रस्तुत गर्न सक्नुपर्छ।

कांग्रेसका लागि चुनौती अझ गम्भीर छ। सर्वोच्च अदालतको प्रक्रियाले कानूनी बाटो देखाउला, तर अदालतले कांग्रेसको राजनीतिक एकता निर्माण गरिदिन सक्दैन। त्यो काम कांग्रेसकै नेताहरूले गर्नुपर्छ। देउवा पक्षले विशेष महाधिवेशनलाई अस्वीकार गर्ने आफ्नो राजनीतिक अडान राख्न सक्छ। थापा पक्षले आफ्नो वैधानिकताको दाबी गर्न सक्छ। तर दुवै पक्ष अन्ततः एउटै पार्टीको संगठन, कार्यकर्ता र मतदातासँग जोडिएका छन्।

यही कारण अहिले कांग्रेसमा सबैभन्दा आवश्यक कुरा अर्को पक्षलाई पराजित गर्ने रणनीति होइन, एकअर्कालाई स्वीकार गर्न सक्ने राजनीतिक सूत्रको खोजी हो। महाधिवेशनलाई कसले जित्छ भन्ने प्रश्नभन्दा पनि कांग्रेसले महाधिवेशनपछि आफूलाई एउटै पार्टीका रूपमा राख्न सक्छ कि सक्दैन भन्ने प्रश्न ठूलो हो। एमालेमा पनि ओली रहन्छन् कि नयाँ नेतृत्व आउँछ भन्ने प्रश्नसँगै परिवर्तनपछि पार्टी एकताबद्ध रहन्छ कि रहँदैन भन्ने विषय महत्वपूर्ण छ।

दुवै दलका लागि अहिलेको संकट नेतृत्वको मात्र परीक्षा होइन। यो उनीहरूको आन्तरिक लोकतन्त्रको परीक्षा हो। बहुमत देखाएर विपक्षी धारलाई समाप्त पार्नु सजिलो हुन सक्छ, तर असन्तुष्ट पक्षलाई समेत आफ्नै संगठनको हिस्सा बनाउँदै अघि बढ्नु नै लोकतान्त्रिक दलको वास्तविक क्षमता हो।

एमालेमा अहिले सल्किरहेको आगो समयमै संवाद, आत्मसमीक्षा र विधिबाट नियन्त्रण गर्न सकिएन भने त्यसले नेतृत्वको सीमालाई मात्र होइन, संगठनको संरचनालाई समेत असर पार्न सक्छ। कांग्रेसमा पनि विवादलाई लामो समयसम्म तानिरहँदा दुई समानान्तर राजनीतिक संरचना बन्ने खतरा रहन्छ।

राजनीतिक दलको शक्ति संसद्को सिट वा सडकमा देखिने भीडले मात्र निर्धारण गर्दैन। संकटको समयमा आफ्नै असहमतिलाई कति परिपक्व ढंगले व्यवस्थापन गर्न सक्छन् भन्ने कुराले पनि उनीहरूको वास्तविक शक्ति मापन गर्छ। अहिले एमाले र कांग्रेस दुवै त्यही परीक्षाको घडीमा छन्।

## सत्तामा ...

घटनाले नयाँ मोड लियो।

*एउटै पार्टी, दुई सन्देश*

बागमतीको पछिल्लो घटनाको सबैभन्दा रोचक पक्ष यही हो कि प्रदेश तहबाट एउटा सन्देश गयो, केन्द्रबाट त्यसको ठीक विपरीत अर्को सन्देश पुग्यो। प्रदेश संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्रीमा एमालेका उम्मेदवारलाई समर्थन गरेको देखिने गरी प्रक्रिया अघि बढाए। त्यसै आधारमा एमाले, नेकपा र राप्रपाको समर्थन रहेको दाबी गर्दै किरण थापामगरले मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए। उक्त दाबीमा ६३ सांसदको समर्थन रहेको उल्लेख गरिएको छ।

राप्रपाको केन्द्रीय नेतृत्वले भने प्रदेश संसदीय दलले पार्टीको स्वीकृति नलिई गरेको पत्राचारलाई आधिकारिक नमान्ने स्पष्ट पारेको छ। केन्द्रीय महामन्त्री राजेन्द्र गुरुङले प्रदेश प्रमुखलाई छुट्टै पत्र पठाएर पार्टीको निर्णय र निर्देशनबिना बुझाइएको समर्थनसम्बन्धी पत्रलाई मान्यता नदिन आग्रह गरेका छन्। राप्रपाको भनाइअनुसार प्रदेश सरकार गठनसम्बन्धी निर्णय गर्ने अधिकार पार्टी अध्यक्षलाई दिइएको छ।

यसको अर्थ, विवाद केवल 'कसलाई समर्थन गर्ने' भन्ने प्रश्न होइन। प्रदेश संसदीय दललाई कति राजनीतिक स्वतन्त्रता छ र केन्द्रीय नेतृत्वको निर्देशनको सीमा कहाँसम्म हुन्छ भन्ने विषय यसले सतहमा ल्याएको छ। राप्रपा केन्द्रले यसअघि नै प्रदेश सरकारको सत्ता समीकरणमा तत्काल सहभागी नहुने र अर्को निर्णय नभएसम्म मतदान तथा समर्थनका विषयमा तटस्थ रहने नीति लिएको बताइएको छ। त्यसैले बागमतीमा प्रदेश तहबाट भएको समर्थनलाई केन्द्रले अनुशासन र पार्टी निर्णयको दृष्टिले गम्भीर रूपमा हेरेको हो।

प्रदेश संसदीय दलको दृष्टिकोणबाट हेर्दा पनि विषय त्यति सरल छैन। प्रदेशमा प्रत्यक्ष निर्वाचित सांसदहरूले स्थानीय राजनीतिक समीकरण, सरकारको सम्भावना र आफ्नो निर्वाचन क्षेत्रको राजनीतिक दबाबलाई नजिकबाट सामना गरिरहेका हुन्छन्। केन्द्रले लिएको नीति र प्रदेशको तत्कालीन राजनीतिक आवश्यकता एउटै नहुन सक्छ।

अर्कोतर्फ, कुनै पनि राजनीतिक दलमा सरकार गठनजस्तो महत्वपूर्ण विषयमा एउटै नीति र आधिकारिक निर्णय आवश्यक हुन्छ। केन्द्रले एउटा कुरा भन्ने र प्रदेश संसदीय दलले अर्को निर्णय गर्ने हो भने त्यसले पार्टीको सामूहिक निर्णय प्रणालीमै प्रश्न उठाउन सक्छ।

राप्रपाका लागि यो विषय अझ संवेदनशील देखिन्छ। पार्टीले पछिल्लो समय आफूलाई स्थापित दलहरूको सत्ता-केन्द्रित राजनीतिभन्दा फरक राजनीतिक धारका रूपमा प्रस्तुत गर्दै आएको छ। यस्तो अवस्थामा एउटा प्रदेश सरकार गठन गर्न समर्थन दिने वा नदिने विषयमा पार्टीभित्रै फरक-फरक धारणा सार्वजनिक हुनु उसकै राजनीतिक सन्देशसँग बाझिन सक्ने जोखिम छ।

बागमतीमा कांग्रेस नेतृत्वको सरकारबाट एमाले बाहिरिएपछि नयाँ सत्ता समीकरणको ढोका खुलेको हो। एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकार अल्पमतमा परेको थियो। त्यसपछि एमाले र नेकपाबीचको सहकार्यबाट नयाँ सरकार बनाउने प्रयास अघि बढेको हो।

एमाले र नेकपाको संख्या जोड्दा ५१ पुग्ने भएकाले उनीहरूलाई बहुमतका लागि कम्तीमा दुई सांसद थप आवश्यक देखिन्छ। यही ठाउँमा राप्रपा वा हाम्रो नेपाली पार्टीको समर्थन निर्णायक बन्न सक्छ। त्यसैले राप्रपाले समर्थन गर्ने कि नगर्ने भन्ने प्रश्नले केवल एउटा दलको आन्तरिक निर्णयलाई होइन, बागमतीको आगामी सरकारको स्वरूपलाई नै प्रभावित गर्ने अवस्था छ। अहिलेको घटनाले एउटा अर्को सम्भावना पनि देखाएको छ। राप्रपा सरकारमा सहभागी नहुने तर कुनै प्रस्तावमा बाहिरबाट समर्थन गर्ने नीति लिन सक्छ। अथवा पूर्ण रूपमा विपक्षमा बसेर सरकार गठनमा सहयोग नगर्ने निर्णय गर्न सक्छ। तर यीमध्ये जुनसुकै बाटो रोजे पनि त्यसका लागि केन्द्र र प्रदेशबीच एउटै धारणा बन्नुपर्ने हुन्छ।

बागमतीमा देखिएको घटनालाई तत्कालको प्रदेश सरकार गठनको प्रसंगमा मात्र बुझ्दा यसको राजनीतिक गहिराइ छुट्न सक्छ। राप्रपा सातै प्रदेशमा प्रतिनिधित्व गर्ने दल हो। एउटा प्रदेशमा संसदीय दलले केन्द्रको नीतिभन्दा फरक ढंगले सत्ता समीकरणमा भूमिका खेल्ने अभ्यास स्थापित भयो भने त्यसको नजिर अन्य प्रदेशमा पनि उठ्न सक्छ।

त्यसैगरी, केन्द्रले प्रदेश संसदीय दलका निर्णयलाई पूर्ण रूपमा नियन्त्रण गर्ने शैली अपनाएमा प्रदेशका निर्वाचित प्रतिनिधिहरूमा असन्तुष्टि बढ्न सक्छ। संघीय संरचनामा निर्वाचित प्रदेशसभा सदस्यलाई केवल केन्द्रको निर्देशन कार्यान्वयन गर्ने भूमिकामा सीमित राख्ने कि स्थानीय राजनीतिक यथार्थअनुसार निर्णय गर्ने केही अधिकार दिने भन्ने बहस पनि यससँग जोडिन्छ।

त्यसैले अहिले राप्रपाका लागि सबैभन्दा आवश्यक कुरा आरोप-प्रत्यारोपभन्दा निर्णय प्रक्रियाको स्पष्टता हो। सरकारमा जाने वा नजाने, कसलाई समर्थन गर्ने वा नगर्ने, प्रदेश संसदीय दलको अधिकार कति हुने र केन्द्रको निर्देशन उल्लंघन भएमा त्यसको जिम्मेवारी कसरी निर्धारण गर्ने भन्ने विषयमा पार्टीले स्पष्ट संस्थागत मापदण्ड बनाउनुपर्ने देखिन्छ।

बागमतीको घटनाले राप्रपालाई एकातिर आफ्नो राजनीतिक प्रभावको महत्व देखाइदिएको छ भने अर्कोतिर त्यो प्रभाव व्यवस्थापन गर्न नसक्दा उत्पन्न हुन सक्ने जोखिम पनि देखाएको छ। १२ सांसदको उपस्थितिले सरकार निर्माणको समीकरण बदल्न सक्ने अवस्थामा पुगेको दलका लागि यो शक्ति आफैँमा अवसर हो। तर एउटै विषयमा केन्द्र र प्रदेशबाट फरक-फरक पत्र जाने अवस्था दोहोरिरह्यो भने त्यही शक्ति पार्टीको आन्तरिक कमजोरीको कारण बन्न सक्छ।

अहिले बागमतीमा सरकार कसको बन्छ भन्ने प्रश्न जति महत्वपूर्ण छ, त्यसभन्दा कम महत्वपूर्ण छैन–राप्रपाले आफ्नो निर्णय कसरी गर्छ भन्ने प्रश्न। नयाँ गठबन्धनको अन्तिम स्वरूप तय हुनुअघि राप्रपाले आफ्नो आन्तरिक मतभेदलाई कसरी व्यवस्थापन गर्छ भन्ने कुराले बागमतीको सरकार मात्र होइन, आगामी दिनमा प्रदेश राजनीतिमा उसको भूमिकासमेत निर्धारण गर्ने देखिन्छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

किसानहरुका लागि सुवर्ण अवसर
रासायनीक मल न्यूनिकरण गर्दै
माटो सुधार्न, उत्पादन बढाउन, जैविक खेती गर्न
सबै किसिमको एकमात्र रोजाई
BLACk/Gold Brand का
भर्मी कम्पोष्ट, भर्मी प्लस (दानेदार मल)
सोयल केयर (कण्डिसनर), बायोपेष्टीसाइड (M-BTA)
प्रयोग र डिलरको लागि आजै सम्पर्क गर्नुहोस्।
सम्पर्क नं. ९८०८०३२८२०/९८५११६६२३०
किसान स्मार्ट कन्ट्याक फार्मिङ नेपाल प्रा.लि.
इटहरी, सुनसरी, उद्योग देवचुली–१४, नवलपुर

कान्ति राजमार्ग सडक योजना
ललितपुर
(चेनेज 0+000 बुद्धचोक, मकवानपुर देखि 79+000 टिकाभैरव, ललितपुरसम्म)
KANTI HIGHWAY ROAD PROJECT LALITPUR

सार्वजनिक अपिल !
सुरक्षित यात्रा, सुखी जीवन – हामो प्रतिबद्धता

1 सडक सबैको साझा सम्पत्ति हो ।
यसको संरक्षण र सम्वर्द्धनमा सबैले हातेमालो गरौं ।

2 सडक सिमा (Right of Way) भित्र कुनै पनि अतिक्रमण नगरौं ।
सडक किनारामा संरचना, पार्किङ, व्यापार, सामाग्री राख्ने कार्य नगर्नुवहोस् ।

3 जथाभावी सडक नखोटौं, दुर्घटना हुनबाट बचौं र बचाऔं ।
सडकमा पानी, ढल, तेल वा अन्य पदार्थ बगाउँदा सडक चिप्लो भई दुर्घटना हुन सक्छ ।

4 पैदलयात्रीले बाटो क्रस गर्दा सधैं जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं ।
सुरक्षित यात्रा, हाम्रो प्राथमिकता ।

5 सडक प्रयोग गर्दा सबारी चालकहरुले सधैं ट्राफिक नियमको पालना गरौं ।
गति सीमित राखौं, लेन अनुशासन पालना गरौं, सिट बेल्ट र हेल्मेट अनिवार्य लगाऔं ।

6 सडक किनारमा जथाभावी पार्किङ नगरौं ।
यसले ट्राफिक जाम, दुर्घटना र आपतकालीन सेवामा बाधा पुर्‍याउँछ ।

7 सडक वरपरको वातावरण सफा र हराभरा राखौं ।
रुख रोपौं, फोहोर नफालौं, सफा सडक – सुन्दर नेपाल बनाऔं ।

सडक सुरक्षा – सबैको जिम्मेवारी

Ventures Holidays Pvt. Ltd.
सस्तो टिकट
भरपर्दो सेवा
Best airfare deals for every destination
Fast Booking | Trusted Service | Best Fares



अब यात्रा बनाउनुहोस् सजिलो र किफायती
Book Now
+977-1-4547268, 9803753314 | Kamaladi-28, Kathmandu | holidaysventures@gmail.com

## सूर्यविनायक-धुलिखेल सडक आयोजनाको अनुरोध

१) सड्क हामी सबैको साझा सम्पत्ति हो। यसको संरक्षण एवं सम्वर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो। विभिन्न सडक खण्डमा अनधिकृत रुपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होर्डिङ बोर्ड राख्ने, निर्माण सामग्रीहरु सडकमै थुपार्ने, सडकमै सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने, स्वीकृति नलिई जथाभावी सडक खन्ने तथा नालीमा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरु नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस सडक डिभिजन हार्दिक अनुरोध गर्दछ।

२) सडक भन्ने बित्तिकै सडक विभागको हो भन्ने आम धारणा रहेको छ तर त्यसो नभई विभिन्न निकायबाट सडक निर्माण तथा मर्मत कार्य भइरहेको छ। सम्बन्धित निकायले आ- आफ्नो क्षेत्राधिकार भित्र रही आवश्यक समन्वयमा निर्माण तथा स्तरोन्नति गरिदिनु हुन समेत अनुरोध छ।

३) यस डिभिजनमा मातहतका सडकहरुमा बिजुलीका पोलमा "स.वि." लेखिएको छ। उक्त सडक खण्डहरुमा कुनै किसिमको गुनासो भएमा तुरुन्त सडक डिभिजनमा सम्पर्क गरी जानकारी गराउन अनुरोध छ।

४) सडकमा नै खानेपानी, ढल, विद्युत लगायतका संरचनाहरु सम्बन्धित निकायहरुबाट विच्छ्याउने कार्य भइरहेको छ। ती कामहरुमा भएका गुनासाहरु यकिन गरी तत्तत् निकायमा गुनासो गर्नु हुन र यस कार्यालयलाई पनि जानकारी गराउनु हुन अनुरोध छ।

आयोजना प्रमुख

## सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**